# राजधानी दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा

शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको

पाठ्यांश (नेपा.शि.५९८)

प्रयोजनका लागि

प्रस्तुत

प्रस्तुतकर्ता

योगेश काफ्ले

परीक्षा क्रमाङ्क : २८२६९३/२०६९

त्रि.वि. दर्ता नं. ९-२-२६३-४०४-२००५

## शोधपत्र

## २०७२/2015

## शोध निर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यांश (नेपा.शि.५९८) प्रयोजनका लागि प्रस्तुत **'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र शोधार्थी योगेश काफ्लेले मेरो निर्देशनमा तयार पार्नु भएको हो । मेहनतपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................

**प्रा. भोजराज ढुङ्गेल**

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

मिति २०७२/ ३ / १५

June 30,2015

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
**नेपाली भाषा शिक्षा विभाग**
कीर्तिपुर, काठमाडौं ।

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभागका छात्र योगेश काफ्लेद्वारा स्नातकोत्तर तह दोस्रो वर्षको नपाली भाषा शिक्षा विषयको पाठ्यांश (नेपा.शि.५९८) प्रयोजनका लागि प्रस्तुत गरिएको **'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विषयको स्नातकोत्तर उपाधिका लागि उपयुक्त देखिएकाले स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. रामनाथ ओझा (विभागीय प्रमुख) ..........................

२. प्रा. डा पारसमणि भण्डारी (अध्यक्ष, विषय समिति) ..........................

३. प्रा. भोजराज ढुङ्गेल (शोध निर्देशक) ..........................

मिति २०७२/ ३ / १५

June 30,2015

# प्रतिबद्धतापत्र

मैले यस स्नातकोत्तर तहको शोधपत्रमा मौलिक सामग्रीहरूको प्रयोग गरेको छु । यसमा समावेश भएका सामग्रीहरूलाई मैले बाहिरका कुनै पनि लिखित वा विद्युतीय माध्यमहरूमा प्रकाशन र प्रशारण गर्ने काम गरेको छैन । यसमा प्रयुक्त कुनै पनि सामग्रीहरूलाई मैले अनैतिक रूपबाट लिएको छैन ।

..................

**योगेश काफ्ले**
नेपाली भाषा शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौं

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको पाठ्यांश नेपा.शि.५९८ को प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार पारिएको छ । 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन शीर्षकमा प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्वान् वर्ग, अग्रज महानुभावहरू, सहपाठी मित्रहरू परिवारका सदस्यहरू प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सल्लाह सुझाव हौसला प्राप्त भएको छ । जसप्रति म कृतज्ञ छु । यसै क्रममा नवीन शीर्षक र चुनौतीपूर्ण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय प्रदान गरेर उचित निर्देशन एवम् उत्साहबर्धक प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक श्रद्धेय गुरू प्रा. भोजराज ढुङ्गेलप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यमा उपयुक्त वातावरण सिर्जना गर्दै प्रशासनिक र विभागीय स्वीकृति प्रदान गर्दै परामर्श प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. रामनाथ ओझाप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्य थालनीदेखि अन्त्यसम्म चासो दिएर आवश्यक सल्लाह सुझाव विशेष सहयोग गर्ने श्रद्धेय गुरूहरू प्रा.डा. पारसमणि भण्डारी र राजेन्द्र खनालप्रति आभारी छु । साथै शोधपत्र तयार पार्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामग्रीका आदरणीय रचनाकारप्रति आभारी छु ।

अध्ययन सामग्री सङ्कलनका क्रममा रचनात्मक सुझाव सल्लाह दिनु हुने राजधानी दैनिकका सम्पादक राजन शर्मा लगायत राजधानी पत्रिका परिवारप्रति कृतज्ञता प्रकट गर्दछु । उच्च शिक्षाको शैक्षिक आधार निर्माण गर्न प्रेरणा दिने नेपाली केन्द्रीय विभागका आदरणीय गुरूहरू डा.नेत्र एवम्, डा. मिरा प्रधान, नेपाल मोडेल उच्च मा.वि. का प्रिन्सिपल डिल्लीराम ढुङ्गेलप्रति विशेष आभारी छु । मेरो जीवनको हरेक क्षेत्रमा अविच्छिन्न सफलताको आर्शीवचन दिने पूजनीय स्वर्गीय पितामह रामप्रसाद काफ्ले, हजुरआमाहरू, रमादेवी काफ्ले, पवित्रा काफ्ले, शिक्षाको विशिष्ट स्तरमा पुऱ्याउने मेरा पुजनीय पिता हरिप्रसाद काफ्ले, माता बसुन्धरा काफ्ले, शिक्षालाई जीवनको लक्ष्य ठानी उपयुक्त वातावरण तयार गरी प्रोत्साहन र हौसला प्रदान गर्ने मेरा पूजनीय स्वर्गीय काका उमानाथ काफ्ले, काकी तिलादेवी काफ्ले प्रति सदैव ऋणी छु । शोधकार्य पूरा गर्न सहयोग पुऱ्याउने मेरा भाइहरू सुमन काफ्ले, विनोद काफ्ले र बहिनीहरू पार्वता काफ्ले, सीता काफ्ले लगायत

सम्पूर्ण परिवारलाई हृदयदेखि सम्झन चाहन्छु । त्यस्तै अनुसन्धानका काममा लाग्न सहयोग गर्ने मित्र भुवन आचार्य, दिपक पौडेल, प्रेम श्रेष्ठ, उषा रिमाल, त्रि.वि. शिक्षा आधार विभागका विभागीय प्रमुख प्रा.डा. प्रेमनारायण अर्याल, तेह्रथुम बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख उप.प्रा. हिक्मत बहादुर राया, सोम घिमिरे, गोमा पौडेल, लक्ष्मी ढुङ्गेल, पशुपती मरहट्टा, प्रकाश बानियाँ, खगेन्द्र थापा, टि.एन. रेग्मी, लक्ष्मीप्रसाद अवस्थी, विरेन्द्र उप्रेती, भिष्म उप्रेती, प्रशान्त घिमिरे, बन्दना घिमिरे, शर्मिला घिमिरे, प्रदिप घिमिरे, ज्ञानु लामा, डुकेन्द्र घिमिरे, कमला दुलाल, जगदीश भण्डारी, ध्रुव काफ्ले, डिल्लीराम दुलाल, उषा गौतम्, सुदिप पौडेल, लगायत सबै शुभचिन्तकहरूलाई एकै साथ हार्दिक धन्यवाद टक्रयाउँछु ।

अन्त्यमा यस शोधपत्रको शुद्ध टङ्कनमा सहयोग पुऱ्याउने **प्रकृति कम्प्युटर सेन्टर** कीर्तिपुरका **पार्वती रिजाल**लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

..........................

**योगेश काफ्ले**

नेपाली भाषा शिक्षा, विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

मिति २०७२/ ३ / १५

# शोधसार

| | | |
|---|---|---|
| शोध शीर्षक | : | **'राजधानी दैनिक ' पत्रिकाको सम्पादकीयको अध्ययन** |
| शोधार्थी | : | योगेश काफ्ले |
| शोध निर्देशक | : | भोजराज ढुङ्गेल |
| विभाग/क्याम्पस | : | नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं |
| जम्मा परिच्छेद | : | पाँच |
| शैक्षिक वर्ष | : | २०६८ – २०७० |
| पृष्ठ संख्या | : | ४२+२८=७० |

# शोधप्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को आवश्यकता परिपूर्तिका निम्ति तयार पारिएको हो ।

राजधानी दैनिक पत्रिकाको वि.सं.२०७१ जेष्ठ १५ गतेदेखि २०७१ श्रावण १५ गतेसम्म १५ वटा अङ्क छनौट गरी अध्ययन गरिएको छ । यस शोधपत्र शिक्षक, विद्यार्थी, आम सञ्चार र पत्रकारिता जगतका व्यक्ति तथा नयाँ शोधार्थीलाई र सम्बन्धित निकायका लागि सम्पूर्ण र उपयोगी हुने अपेक्षा गरिएको छ ।

यस अध्ययनमा सामाग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन विधिलाई आत्मसाथ गरी वर्णनात्मक पद्धतिलाई अंगालिएको छ । 'राजधानी दैनिक' पत्रिकालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने यससँग सम्बन्धित सैद्धान्तिक ग्रन्थ शोधपत्र, लेख रचना, शब्दकोश, पुस्तकहरू तथा शोध निर्देशक, शोध विशेषज्ञ, गुरूवर्ग र राजधानी दैनिक पत्रिकाका सम्पादक आदिलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

प्रस्तुत शोधलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा शोध परिचय, परिच्छेद दुईमा पूर्व कार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, परिच्छेद तिनमा शोधविधि र अध्ययन प्रक्रिया, परिच्छेद चारमा व्याख्या विश्लेषण र परिच्छेद पाँचमा सारांश, निष्कर्ष र उपयोगितालाई समावेश गरिएको छ ।

# शोध निष्कर्ष

१. सम्पादकीयमा तिन शब्दे शीर्षक बढी पाइन्छ ।

२. संरचनाको हिसावले तिन अनुच्छेदमा संरचित सम्पादकीय बढी पाइन्छ ।

३. विषयवस्तुका हिसाबले राजनीतिक विषयसँग सम्बन्धित सम्पादकीय धेरै रहेका छन् ।

४. शैलीका हिसाबले अनुरोध र आलोचना गर्ने शैलीमा लेखिएका सम्पादकीय बढी पाइन्छ ।

५. सम्पादकीयमा औपचारिक भाषाको प्रयोग गरिएको छ ।

६. सम्पादकीयमा जटिल वाक्यको प्रयोग बढी रहेको पाइयो ।

७. सम्पादकीयमा अज्ञात पक्षको प्रयोग भएको देखिदैन ।

८. संरचनात्मक र भाषिक दृष्टिले राजधानी दैनिक पत्रिकाका सम्पादकीयहरू उपयुक्त र सान्दर्भिक देखिए पनि सैद्धान्तिक हिसाबले साना तिना गल्ती कमजोरी भने रहेको देखिन्छ ।

# सङ्क्षेप सूची

| | | |
|---|---|---|
| अप्र. | – | अप्रकाशित |
| त्रि.वि. | – | त्रिभुवन विश्वविद्यालय |
| नं. | – | नम्बर |
| प्रा.डा. | – | प्राध्यापक डाक्टर |
| वि.सं. | – | विक्रम संबत् |
| सं. | – | संस्करण |
| इ.सं. | – | इस्वी संबत् |
| सम्पा. | – | सम्पादित |

## विषय सूची

पेज नं

### परिच्छेद एक १-५


| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२. समस्या कथन | १ |
| १. ३. अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको सीमाङ्कन | ३ |
| १.५ तथ्याङ्क सङ्कलनको स्रोत | ३ |
| १.५.१ प्राथमिक स्रोत | ३ |
| १.५.२ द्वितीयक स्रोत | ३ |
| १.६ अध्ययनको औचित्य | ४ |
| १.७ शोधको रूपरेखा | ४ |


### परिच्छेद – दुई

### पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा ५-१७


| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ५ |
| २.२ सैद्धान्तिक अवधारणा | ११ |
| २.२.१ सम्पादकीयको परिचय | ११ |
| २.२.२ सम्पादकीय संरचना | १२ |
| २.२.३ सम्पादकीयको कार्य | १२ |
| २.२ ४ असल सम्पादकीयका विशेषता | १३ |
| २.२.५ सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुराहरू | १३ |
| २.२.६ सम्पादकीयको भाषा | १४ |

२.२.७ सम्पादकीयको शैली १४

२.२.८ सम्पादकीयको वर्गीकरण १५

२.२.८.१ विश्लेषणात्मक सम्पादकीय १५

२.२.८.२ आलोचनात्मक सम्पादकीय १५

२.२.८.३ प्रोत्साहनमूलक सम्पादकीय १५

२.२.८.४ प्रशंसामूलक सम्पादकीय १६

२.२.९ सम्पादकीयको शीर्षक १६

२.२.१० सम्पादकीयमा राख्न नमिल्ने कुराहरू १७

**परिच्छेद–तिन**

**अध्ययन विधि १८-२०**

३.१ तथ्याङ्क सङ्कलन पद्धति १८

३.२ नमुना छनौट १९

३.३ अध्ययनको ढाँचा १९

३.४ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण १९

**परिच्छेद – चार**

**व्याख्या तथा विश्लेषण २१-३४**

४.१ राजधानी दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन २१

४.१.१ शीर्षक २२

४.१.२ संरचना २३

४.१.३ विषयवस्तु २४

४.१.४ शैली २६

४.२ वाक्यकोटि २७

४.२.१ काल २७

४.२.२ पक्ष ३०

४.२.३ ध्रुवीयता ३१

४.३ वाक्य ३२

अध्याय – पाँच

**सारांश, निष्कर्ष र उपयोगिता ३५-३९**

५.१ सारांश ३५

५.२ निष्कर्ष ३७

५.३ उपयोगिता ३८

५.४ सुझाव ३८

**सन्दर्भसामग्री सूची**

## परिच्छेद एक

### १.१ पृष्ठभूमि

भाषा संस्कृतको 'भाष्' धातुबाट बनेको शब्द हो । यसको शाब्दिक अर्थ बोल्नु वा भन्नु हो । यसको अर्थ आफ्नो भावलाई व्यक्त गर्नका लागि जुन सार्थक मौखिक साधनलाई अपनाइन्छ, त्यही नै भाषा हो । सामाजिक सम्पर्कको प्रभावशाली माध्यम भाषा सञ्चारको सशक्त माध्यमका रूपमा रहेको छ । भाषाको काम व्यक्तिहरूका बिच आपसी विचार विनियम गर्ने मात्र होइन, आपसमा आत्मीयता तथा समझदारी बढाउनु हो (अधिकारी, २०६५ : ९) । मानिसले आफूमा भएको सहज ज्ञानको माध्यमले सञ्चार गर्दछ, सूचना आदान प्रदान गर्दछ र ज्ञान बटुल्दछ ।

भाषाका माध्यमबाट मानिसले आफ्ना सूक्ष्मातिसूक्ष्म भाव, कल्पना, अनुभव, अनुभूति र विचारलाई प्रकट गर्न सक्छ । भाव र विचार आत्मिक कुरा हुन भने भाषा भौतिक वस्तु हो । यो मौखिक र लिखित रूपमा प्रयोग हुँदा लिपि र चिन्हका माध्यमबाट प्रकट हुन्छ । भाषामा ध्वनि शब्द र वाक्यको सार्थक संयोजन रहेको हुन्छ (ओझा, २०६५: १) ।

सञ्चार क्षेत्रमा प्रयोग हुने भाषा अन्य क्षेत्रमा प्रयोग हुने भाषाभन्दा फरक रहेको हुन्छ । सबै क्षेत्रमा प्रयोग हुने भाषा सबैको लागि बोधगम्य हुँदैन । भाषा बुझ्नका लागि त्यसको व्याख्या विश्लेषणका साथै भाषातत्त्व र शब्दभण्डार सम्बन्धी अध्ययन गर्नु आवश्यक रहेको छ ।

सञ्चार क्षेत्रमा प्रयोग हुने भाषा अन्य क्षेत्रको भन्दा पृथक रहेको हुन्छ । समाचारको प्रकृति अनुसार फरक भाषाको प्रयोग भएको हुन्छ । समाचारपत्रमा कार्टुन, विज्ञापन, समाचार, लेख, सम्पादकीय आदि स्तम्भहरू पर्दछन् । ती स्तम्भहरू मध्ये सम्पादकीयको अध्ययन गरिएको छ ।

### १.२. समस्या कथन

अनुसन्धानका लागि छनोट गरिएको कुनै पनि विषयवस्तुलाई समस्याको रूपमा लिइन्छ । समस्या कथनबाट शोधकार्य अगाडि बढ्छ । सम्पादकीय स्तम्भ पत्रिकाको मूल

स्तम्भ हो । यो पत्रिकाको दृष्टिकोण वा विचार राख्ने ठाउँ हो । सम्पादकीय लेख्दा सबै स्तर तहका पाठकहरूलाई मध्यनजर गरेर सरल, स्पष्ट वस्तुनिष्ठ, समसामयिक, सन्देशपरक र निष्पक्ष हुनु आवश्यक देखिन्छ ।

नेपाली भाषामा आधुनिकीकरणका प्रयासहरू भए पनि भाषाको प्रयोगका सन्दर्भमा मानक रूपको निर्धारण भइसकेको छैन । फलस्वरूप नेपाली समाचारपत्रहरूमा भाषाको प्रयोगमा विविधता रहेको पाइन्छ । यस शोधमा राजधानी न्युज पब्लिकेशन प्रा.लि. कुपन्डोलबाट प्रकाशित हुने 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन अन्तर्गत संरचना, शैली, विषयवस्तु, शीर्षक, वाक्यतत्त्व र वाक्यका प्रकारलाई समस्याको रूपमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्र 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ :

१) राजधानी दैनिक पत्रिकाको सम्पादकीयको शैली, विषयवस्तु, शीर्षक र संरचना के कस्तो रहेको छ ?

२) उक्त पत्रिकाको सम्पादकीय वाक्यकोटिको स्थिति कस्तो रहेको छ ?

३) उक्त पत्रिकाको सम्पादकीयमा के कस्ता वाक्यहरूको प्रयोग गरिएको छ ?

## १. ३. अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रम सफल र प्रभावकारी बनाउनका लागि निश्चित लक्ष्य र उद्देश्यहरू हुनु आवश्यक पर्दछ । जुनसुकै अनुसन्धान पनि उद्देश्यअनुसार नै अगाडि बढेको हुन्छ र अनुसन्धान समस्यासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुन्छ । अत : प्रस्तुत शोधका उद्देश्यहरू निम्न छन् :

क) राजधानी दैनिक पत्रिकाको सम्पादकीयको शैली, विषयवस्तु, शीर्षक र संरचनाको अध्ययन गर्नु,

ख) उक्त पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यकोटिको विश्लेषण गर्नु,

ग) उक्त पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यहरूको स्थिति पत्ता लगाउनु,

## १.४ अध्ययनको सीमाङ्कन

अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न के कति विषयको अध्ययन गर्ने भनी उल्लेख गर्नुपर्दछ । शोधकार्यको शीर्षकअन्तर्गत कुन पक्षको के कति अध्ययन गर्ने हो सो कुराको किटान गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ । अध्ययनको सीमाङ्कनबाट अनुसन्धाकर्तालाई एउटा निश्चित दिशामा शोधलाई अगाडि बढाउन सहयोग पुग्दछ ।

'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन शीर्षकको शोधकार्यलाई निम्नअनुसार सीमाङ्कन गरिएको छ :

१) 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको संरचना पक्षको अध्ययन, शीर्षक, शैली, संरचना र विषयवस्तुको आधारमा अध्ययन गरिएको छ ।

२) उक्त पत्रिकाको सम्पादकीयको भाषिक पक्षको अध्ययन काल, पक्ष, करण, अकरण र वाक्यतत्त्वका आधारमा रही अध्ययन गरिएको छ ।

४) उक्त पत्रिकाको सम्पादकीयको वाक्यको अध्ययन संरचनागत आधारमा मात्र गरिएको छ ।

५) प्रस्तुत शोधपत्रमा 'राजधानी दैनिक' पत्रिकाको २०७१ जेठ १५ देखि श्रावण १५ गते सम्मका १५ वटा सम्पादकीयलाई लिइएको छ ।

## १.५ तथ्याङ्क सङ्कलनको स्रोत

### १.५.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतका रूपमा काठमाडौंबाट प्रकाशित हुने 'राजधानी दैनिक' पत्रिकाका १५ अङ्कहरूका सम्पादकीयलाई समावेश गरिएको छ ।

### १.५.२ द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा सम्बन्धित सैद्धान्तिक ग्रन्थ, शब्दकोश समाचारपत्रमाथि गरेका विभिन्नशोधकार्यहरू, भाषासम्बन्धी लेखरचना, पाठ्यपुस्तक, यसै पत्रिकाका सम्पादक सँगको कुराकानी, निर्देशकको सुझाव, सल्लाह आदिलाई लिइएको छ ।

## १.६ अध्ययनको औचित्य

अनुसन्धान प्रस्तावमा अनुसन्धेय कार्यको औचित्य स्पष्ट पार्न पर्ने हुन्छ । प्रस्तावनाको माध्यमबाट अनुसन्धानको कार्यक्षेत्रको औचित्य के कसरी रहेको छ भनी उपयुक्त तथ्य र कारणहरू प्रस्तुत गर्नुपर्दछ । अनुसन्धानबाट कस्लाई फाइदा पुग्छ सो को वर्णन हुनु पर्दछ । औचित्य सिद्ध गर्दा शीर्षक, विषयवस्तु, सैद्धान्तिक आधार, प्रविधि उपकरण प्रयोग कुन रूपमा कति र कसरी भएको छ त्यसको महत्त्व अरू भन्दा किन उपलब्धिपूर्ण र महत्त्वपूर्ण छ भन्ने कुरा स्पष्ट पार्दै अनुसन्धानको औचित्य पुष्टि गर्नुपर्दछ ।

राजधानी दैनिक पत्रिकाको सम्पादकीयको भाषिक अध्ययनको औचित्यलाई निम्न बुँदामा देखाउन सकिन्छ :

- पत्रपत्रिका वा समाचारपत्रसँग सम्बन्धित व्यक्तिहरूलाई सहयोगी हुनेछ ।
- राजधानी दैनिक पत्रिकाका सम्पादकलाई सहयोग पुग्नेछ ।
- राजधानी दैनिक पत्रिकाको भाषिक अध्ययन गर्न चाहने शोधकर्तालाई सहयोगी हुनेछ ।
- समाचारसँग सम्बन्धित निकाय, लेखक, पाठक वर्गका लागि उपयोगी हुनेछ ।

## १.७ शोधको रूपरेखा

प्रस्तुत शोधलाई विभिन्न परिच्छेद वा अध्यायमा विभाजन गरी निम्नानुसारको ढाँचामा प्रस्तुत गरिएको छ ।

परिच्छेद एक : शोधको परिचय

परिच्छेद दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

परिच्छेद तिन : शोधविधि र अध्ययन प्रक्रिया

परिच्छेद चार : व्याख्या तथा विश्लेषण

परिच्छेद पाँच : सारांश, निष्कर्ष र उपयोगिता

## परिच्छेद – दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### २.१ पूर्वकार्यको समीक्षा

सूचना प्रविधिको विकाससँगै सञ्चारको विकास पनि दिनप्रतिदिन बढ्दै गएको छ । जसले गर्दा एक ठाउँमा भए गरेका घटना विश्वभर नै एकै छिनमा थाहा हुने गर्दछ । पछिल्लो समयमा सञ्चार माध्यमका क्षेत्रमा पनि अध्ययन अनुसन्धान हुन थालेको पाइन्छ । नेपालमा पनि सञ्चार माध्ययमका पत्रिका, टेलिभिजन, रेडियो लगायत प्रयुक्त समाचारमा अध्ययन अनुसन्धान हुँदै आएका छन् । अध्ययन अनुसन्धानका क्रममा समाचारमा प्रयुक्त नेपाली भाषाका बारेमा भर्खरै मात्र छिटफुट रूपमा अध्ययन अनुसन्धान हुन थालेको पाइन्छ ।

सञ्चार माध्यम वा पत्रपत्रिकामा प्रयुक्त भाषाको बारेमा विभिन्न अध्ययन तथा अनुसन्धान हुँदै आएका छन् । पत्रपत्रिकाको भाषाका बारेमा अध्ययन, पत्रपत्रिकाको भाषामा पाइने वर्णविन्यासगत त्रुटिदेखि विभिन्न भाषिक त्रुटिको अध्ययन तथा शब्दभण्डारको समेत अध्ययन अनुसन्धान हुँदै आएका छन् । विभिन्न अनुसन्धान हुँदै आए ता पनि काठमाडौंबाट प्रकाशन हुने 'राजधानी दैनिक' पत्रिकामा कुनै पनि अध्ययन भएको छैन ।

समाचारपत्रको सम्पादकीयसँग अध्ययन भएका केही शोधपत्र निम्नलिखित रहेका छन् :

नेपाल (२०६६) द्वारा **नेपाली समाचारपत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययन** शीर्षकमा अनुसन्धान गरी शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कार्टुनका भौतिक विशेषताहरू पहिल्याउन, कार्टुनमा प्रयुक्त भाषाको वाक्यढाँचा र वाक्यकोटिको पहिचान गर्नु, शब्दको प्रयोगगत विशेषता पहिल्याउनु र कार्टुनमा प्रयोग भएको भाषाको शैली विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधमा नेपालका प्रमुख राष्ट्रिय दैनिक पत्रिकाहरू गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोस्ट र नागरिक दैनिक गरी जम्मा ४वटा पत्रिकाका ४८ वटा कार्टुनलाई नमुनाका रूपमा लिइएको छ । उक्त अध्ययन विशेषत: पुस्तकालयीय तथा वर्णनात्मक विधि अपनाइएको छ । कार्टुनमा रहेका भौतिक विशेषता, व्याकरणिक पक्ष, शैली आदिलाई आधार बनाई सामग्रीबाट प्राप्त तथ्याङ्कको तालिकीकरण,

व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा कार्टुनको भाषा सोझोभन्दा घुमाउरो कथनको प्रयोग गर्नुपर्छ भन्ने सुझाव दिइएको पाइन्छ ।

ढुङ्गाना (२०६६) द्वारा **नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा समाचारपत्रहरूमा प्रयुक्त भाषिक स्वरूप पहिल्याउनु, समाचार प्रस्तुतिको तुलनात्मक अध्ययन र भाषा प्रयोगको अवस्था पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको छ । गोरखापत्र, कान्तिपुर र अन्नपूर्ण पोस्ट दैनिकका दशवटा अङ्कलाई नमुना छनोटका रूपमा लिइएको पाइन्छ । उक्त पत्रिकाको समाचार खण्डमा नदोहोरिएका शब्दहरूको सङ्कलन गरी शब्दहरूलाई शब्दकोशीय वर्णानुक्रम अनुसार तालिकामा स्रोत समेत खुलाई वर्णविन्यासगत त्रुटिहरूलाई केलाउने र समाचारको प्रस्तुतीकरणको तुलनात्मक अध्ययन गरी वर्णविन्यासगत त्रुटिहरू रहेको समेत निष्कर्ष निकालिएको छ ।

न्यौपाने (२०६६) द्वारा **ब्लास्ट टाइम्स दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधपत्र गरिएको पाइन्छ । उक्त अध्ययनमा सम्पादकीयको संरचना, विषयवस्तु, शैली र शीर्षकको अध्ययन गर्नु, प्रयुक्त वाक्यहरूको अध्ययन गर्नु, प्रयुक्त पद सङ्गतिको अध्ययन गर्नु, उखान टुक्का प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका देखिन्छन् । उक्त अध्ययनमा ब्लास्ट टाइम्स राष्ट्रिय दैनिकका २०६६ असार १ गतेदेखि असार ३२ गतेसम्मका ३२ अङ्कमध्ये २४ वटा अङ्कमा छापिएका सम्पादकीयहरूका भाषाको अध्ययन गरिएको पाइन्छ । सम्पूर्ण सम्पादकीय चार अनुच्छेदमै संरचित भएको भूतकालभन्दा अभूतकालको प्रयोग धेरै भएको कर्तृवाच्य र कर्मवाच्यको प्रयोग भए ता पनि भाववाच्यको प्रयोग नभएको नौवटा सम्पादकीय शैलीमध्ये सुझाव दिने शैलीको सबैभन्दा बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ । ज्यादै लामालामा वाक्यलाई कम गर्नु राम्रो हुने, जटिल वाक्यको भन्दा सरल वाक्यको प्रयोग बढी गर्नुपर्ने, सम्पादकीयको शीर्षक तथा सम्पादकीयको अन्त्यमा प्रश्न नगर्नु उपयुक्त हुने, सम्पादकीय पृष्ठभूमि, तार्किक विश्लेषण र निष्कर्ष गरी तिन भागमा संरचित हुनु उचित हुन्छ  भन्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको पाइन्छ ।

शर्मा (२०६७) द्वारा **नागरिक दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । काठमाडौंबाट प्रकाशित हुने नागरिक

दैनिक पत्रिकाका २०६६ पुस १५ देखि २०६७ मंसिर १५ सम्मका प्रत्येक महिनाको १५ गतेको सम्पादकीयलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा नागरिक दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा, वाक्यका प्रकार, वाक्यकोटि र शब्दभण्डारको अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनमा पत्रिकाको सम्पादकीयको संरचना, विषयवस्तु शैली र शीर्षकको अध्ययन, सम्पादकीयमा प्रयुक्त वाक्यको अध्ययन, पदसङ्गतिको अध्ययन गर्नु जस्ता उद्देश्य रहेको पाइन्छ । यस अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय अध्ययन विधिलाई आत्मसात् गरी वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अङ्गालिएको छ । उक्त शोधपत्रमा सबैभन्दा बढी सामान्य पक्षको प्रयोग, भूत काल र सरलभन्दा जटिल वाक्यको प्रयोग धेरै भएको निष्कर्ष निकालिएको छ । यसका साथै सम्पादकीयहरू तिनदेखि चार अनुच्छेदमा संरचित गर्नु उपयुक्त हुने निष्कर्ष निकालिएको छ ।

धिताल (२०६८) द्वारा **नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दवलीलाई वर्णानुक्रममा राख्ने र तिनको अर्थ तथा परिभाषा प्रस्तुत गर्ने जस्ता उद्देश्यहरूमा शोधकार्य केन्द्रित रहेको छ । राष्ट्रिय दैनिक समाचारपत्र (कान्तिपुर गोरखापत्र, नागरिक, अन्नपूर्ण पोस्ट र नेपाल समाचारपत्र)लाई प्राथमिक स्रोतका रूपमा लिई पारिभाषिक शब्दावली सङ्कलन गरी अर्थ र परिभाषा प्रस्तुत गरिएको छ । दैनिक समाचारपत्रमा प्रयुक्त स्वरवर्णबाट प्रारम्भ भएका ५९ व्यञ्जन वर्णबाट प्रारम्भ भएको २४१ गरी जम्मा ३०० पारिभाषिक शब्दावली सङ्कलन गरिएको छ । यस अध्ययनमा समेटिएका शब्दावलीमध्ये क्रमशः प, स, अ वर्णबाट प्रारम्भ भएका शब्दावली अधिक रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

बाँस्तोला (२०६९) द्वारा **नेपाली समाचार पत्रका खेलकुद खण्डमा प्रयुक्त भाषाको अध्ययन** गरिएको पाइन्छ । उक्त अध्ययनमा नेपाली समाचारपत्रका खेलकुद खण्डमा प्रयुक्त भाषाको शब्दको अध्ययन गर्नु, वाक्यकोटि, व्याकरणिक कोटिको अध्ययन गर्नु, तथा कोड मिश्रणको स्थिति अध्ययन गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययनमा २०६८ चैत २० गतेसम्म प्रकाशित भएका जम्मा तिन वटा नेपाली समाचार पत्रहरू गोरखापत्र, कान्तिपुर र नागरिक दैनिकका प्रन्ध दिनसम्म प्रकाशित जम्मा ४५ वटा पत्रिका छनोट गरी तथ्याङ्कको तालिकीकरण गरिएको धेरैजसो खेलकुदमा शब्दमा दृष्टिले तत्सम शब्द बढी रहेको क्रियाको

सन्दर्भमा सामान्य पक्षको प्रयोग बढी भएको ध्रुवीयताको आधारमा अकरणभन्दा करण र कालका दृष्टिले भूतकालको प्रयोग भएको पाइन्छ भने भाषिक कोड मिश्रणका सन्दर्भमा कोड मिश्रण भएका वाक्यहरूको संख्याअत्याधिक पाइएको निष्कर्ष निकालिएको छ । आगन्तुक शब्दहरूको अत्याधिक प्रयोगले कतिपय वाक्य जटिल र कम नबुझिने अवस्था भएकोले सकेसम्म आगन्तुक शब्द/वाक्यको प्रयोग कम गर्न खोज्ने, अध्ययन भएका खेलकुदको भाषामा भाषिक एकोहोरोपना पाइएकोले भाषिक विविधता सिर्जना गर्नुपर्ने, भाषिक कोड मिश्रणको अवस्था अत्यधिक मात्रामा प्रयोग भएकाले नेपाली भाषाको स्थिति नै लोप हुने देखिएकाले नेपाली भाषामा रूपान्तरण गर्न सकिने शब्द वाक्यहरूलाई अन्य भाषाको अधिनमा नराखी नेपाली भाषाको आफ्नै पहिचान गराउन उपयुक्त हुने सुझाव समेत प्रस्तुत गरिएको छ ।

तिमिल्सिना (२०६९) द्वारा **हिमाल खबर पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उक्त अध्ययनमा हिमाल खवर पत्रिकाको सम्पादकीय शैली, विषयवस्तु शीर्षक संरचनाको अध्ययन गर्नु, उक्त पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यहरूको स्थिति पत्ता लगाउनु, सम्पादकीयमा शब्द भण्डारको निर्क्योल गर्ने उद्देश्य रहेको छ । मूलतः पुस्तकालयीय विधिमा आधारित भइ अध्ययन गरिएको राष्ट्रिय पाक्षिक हिमाल खबर पत्रिका १-१५ वैशाख २०६८ देखि असोज १५ कात्तिक २०६८ सम्मका १२ वटा अङकमा प्रकाशित सम्पादकीयलाई नमुना छनौट गरिएको छ । सम्पादकीयमा तिन शब्दे शीर्षक बढी भएको राजनीतिक विषयसँग सम्बन्धित सम्पादकीय धेरै रहेका, औपचारिक भाषा प्रयोग भएको, सरल वाक्यको प्रयोग बढी रहेको, तत्सम र तद्भव शब्दको प्रयोग बराबर भए पनि व्युत्पन्न शब्दको प्रयोग बढी गरिएको, अभूत काल, सामान्य पक्ष, करण र कर्तृवाच्यका वाक्यको अधिक प्रयोग भएको जस्ता निष्कर्ष निकालिएको पाइन्छ । उक्त अध्ययनमा सम्पादकीयहरू तिन चार अनुच्छेदमा देखिनु पर्ने, सम्पादकीय लेखनमा दैनिक प्रयोगमा आइरहने परिचित सजिला शब्दको प्रयोग गर्नु पर्ने, सम्पादकीय तिन भागमा संरचित उचित मानिने सुझाव समेत प्रस्तुत गरिएको छ ।

प्रसाई (२०६९) द्वारा **मेची टाइम्स पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उक्त अध्ययनमा 'मेची टाइम्स पत्रिका'को सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्नु, सम्पादकीयको भौतिक पक्षको अध्ययन गर्नु,

सम्पादकीयको आन्तरिक पक्षको अध्ययन गर्नु, उक्त सम्पादकीयमा प्रयुक्त भाषाको कमीकमजोरीहरूको अध्ययन गर्नु जस्ता उद्देश्य राखेको पाइन्छ । मेची टाइम्स पत्रिका २०६८ फागुन १ देखि २०६८ फागुन १६ गते सम्मका १२ वटा सम्पादकीयलाई नमुना छनोट गरिएको उक्त अध्ययनमा पुस्तकालयीय विधि अपनाइएको छ । उक्त पत्रिकाको सम्पादकीयको अनुच्छेद विभाजनलाई महत्त्व दिएको सूचनात्मक शैली, अनुरोधात्मक शैली, आलोचनात्मक शैलीको प्रयोग गरिएको, व्युत्पन्न शब्दहरू अव्युत्पन्न शब्दभन्दा तुलनात्मक रूपमा बढी रहको, भूतकालको तुलनामा अभूतकालको प्रयोग बढिरहेको, सिद्धान्त अनुसार उखान टुक्का छनौटमा ध्यान नदिइएको जस्ता निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा सके सम्म छोटा वाक्यमा सम्पादकीय लेख्नुपर्ने एउटै विषय वस्तुलाई बारम्बार नदोहोऱ्याई सबै विषय वस्तुलाई समेटी सम्पादकीय लेख्नुपर्ने, सम्पादकीयको शीर्षक प्रश्नात्मक नहुने जस्ता सुझाव प्रस्तुत गरिएको छ ।

कटुवाल (२०७०) द्वारा **कान्तिपुर पत्रिकाको विज्ञापनमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधपत्र गरेको पाइन्छ । उक्त अध्ययनमा विज्ञापनमा प्रयुक्त भाषा शैलीको अध्ययन गर्नु विज्ञापनमा प्रयुक्त भाषामा वर्णविन्यासको पहिचान गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययनमा कान्तिपुर दैनिक पत्रिकाको २०६९ बैशाखदेखि २०६९ चैत्रसम्मका प्रत्येक महिनाको पहिलो हप्ताका आइतबारका चार वटा विज्ञापन सङ्कलन गरेर जम्मा ४८ वटा विज्ञापनलाई नमुना छनौट गरिएको छ । सामग्री सङ्कलनमा पुस्तकालयीय विधिलाई अपनाइ प्राप्त सामग्रीलाई वर्णनात्मक विधिका माध्यमबाट विश्लेषण गरिएको छ । कान्तिपुरमा प्रयुक्त सम्पूर्ण शब्दहरूको सङ्कलन गरिएको हिन्दी र अङ्ग्रेजी भाषाबाट आएका शब्दकोशले समेत आगन्तुक शब्द भनेर समेटेका अधिक प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा आगन्तुक शब्दको प्रयोग त्यति धेरै गर्न नहुने नेपाली भाषाको संरक्षण, सम्बर्द्धन र विकासका लागि तत्सम र आगन्तुक शब्दहरूभन्दा तद्भव शब्दको प्रयोगमा जटिलभन्दा सरल र व्यावहारिक शब्दहरूको प्रयोग गरिनुपर्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ ।

देवकोटा (२०७०) द्वारा **नयाँ जनदिशा दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा शीर्षकमा अध्ययन** गरिएको पाइन्छ । उक्त अध्ययनमा पत्रिकाको सम्पादकीयका संरचना, विषयवस्तुशैली र शीर्षकको अध्ययन गर्नु, सम्पादकीयमा प्रयुक्त वाक्यहरूको अध्ययन गर्नु,

पत्रिकाको सम्पादकीयको प्रयुक्त काल उखान टुक्काको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययन २०६९ फागुन १ गतेदेखि २०७० साल बैशाख ३० गतेसम्म प्रकाशित ९० वटा सम्पादकीयको सम्भावनात्मक नमुना छनौटका रूपमा १५ वटा सम्पादकीयलाई लिएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि र प्राप्त सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक पद्धतिका माध्यमबाट विश्लेषण गरिएको छ । नयाँ जनदिशा पत्रिकाको सम्पादकीय शीर्षक सरल र स्पष्ट भएको संरचनाको हिसाबले सम्पादकीय सिद्धान्तअनुसार सम्पादकीय नभएको निष्कर्ष निकालिएको छ । सरल भाषा शैलीको प्रयोग गर्नुपर्ने, भाषागत व्याकरण नियमहरू पालना गर्नुपर्ने र राजनीतिका साथै अन्य विषयलाई पनि सम्पादकीयमा जोड दिनुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

अयडी (२०७०) द्वारा **एञ्जिल टाइम्स दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** नामक शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोध पत्रमा सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्नु, सम्पादकीयको भौतिक पक्षको अध्ययन गर्नु जस्ता उद्देश्य रहेका छन् । वि.स. २०६९ साल फागुनदेखि वि.सं. २०७० साल जेठसम्मका प्रत्येक आईतबारको एञ्जिल टाइम्स दैनिक पत्रिकाको सम्पादकीयलाई नमुनाका रूपमा छनोट गरिएको यस अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनमा राजनीतिक विषयमा बढी सम्पादकीय लेखिएको, सरल वाक्य भन्दा जटिल वाक्यको प्रयोग बढी भएको निष्कर्ष निकालिएको छ, भने सम्पादकीय सरल वाक्यमा लेखिनु राम्रो मानिने, एउटै विषयवस्तुलाई बारम्बार नदोहोऱ्याई सबै विषयवस्तु समेटी सम्पादकीय लेख्नु पर्ने सुझाव प्रस्तुत गरिएको छ ।

उपर्युक्त अध्ययनहरू जे जति भएका छन्, ती आफैँमा पूर्ण हुँदाहुँदै पनि ती आ-आफ्ना प्रकारका छन् । कुनै एउटा मात्र अध्ययनले सम्पूर्ण पत्रिका वा क्षेत्र, तह र भेकका समस्या सम्बोधन गर्न नसक्ने भएकाले यी अध्ययनहरूको अपूर्णतालाई पूर्ण रूप दिन 'राजधानी दैनिक ' पत्रिकाको सम्पादकीयको अध्ययनलाई यस अघि कुनै पनि अनुसन्धानले समेट्न नसकेको सन्दर्भमा अरू अध्ययनभन्दा भिन्न बनाउने प्रयास गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ सम्पादकीयको परिचय

सम्पादकीय अंग्रेजी भाषाको Editorial शब्दको समानार्थी नेपाली शब्द हो । जसको अर्थ सम्पादकको मत भन्ने बुझिन्छ । सम्पादकीय शब्द संस्कृत भाषाबाट नेपाली भाषामा भित्रिएको हो । सम् + पाद् + अक् + ईय मिलेर सम्पादकीय शब्दको निर्माण भएको हो । कुनै पनि सञ्चार माध्यमले कुनै विशेष वा घटना प्रति व्यक्त गर्ने उसको आफ्नो धारणा सम्पादकीय हो । त्यसकारण सम्पादकीयलाई अखवारको आवाज पनि भन्ने गरिन्छ । सम्पादकीयको प्रयोग विद्युतीय सञ्चार माध्यम गर्न थालिएको पाइन्छ भने छापा माध्यममा अनिवार्य जसो प्रयोग गरिन्छ । न्युजविक, टाइम जस्ता विश्व चर्चित पत्रिकाहरूले पनि सम्पादकीय नियमित रूपमा प्रकाशन गर्ने गरेको पाइन्छ ।

सम्पादकीय आवश्यक अनावश्यक कुरा भन्दा अधिकांश दैनिक तथा साप्ताहिक पत्रपत्रिकाले राख्ने गरेका हुन्छन् भने म्यागाजिनहरूमा यसको प्रयोग त्यति धेरै गरेको पाइँदैन । दैनिक पत्रिकामा हप्तामा एकाध दिन भने सम्पादकीय नराख्ने प्रचलन पनि छ । सम्पादकीयका माध्यमबाट सञ्चार माध्यमले जनमत सिर्जना गर्ने काम गर्दछन् । तसर्थ यो कुनै सञ्चार माध्यमको निजी दृष्टिकोण मात्र होइन, त्यसले सार्वभौम विचार प्रस्तुत गरी सिर्जना गर्ने क्षमता राख्नु पर्छ ।

सम्पादकीय सम्पादकले नै लेख्छ भन्ने छैन । सम्पादकीय विभागमा कार्यरत वरिष्ठ पत्रकारदेखि सह–सम्पादक, उप–सम्पादक जसले पनि लेख्न सक्छ । तर जसले लेखे पनि सम्पादकीयमा अभिव्यक्त विचारको अन्तिम र पूर्ण जिम्मेवारी सम्पादक मै रहेको हुन्छ । विजय चालिसेका अनुसार 'एउटै असल सम्पादकीयले जानकारी मुलक जानकारी र जनहित विरूद्ध चेतावनी दिएर सामाजिक नेतृत्त्व दिन सक्छ ।' सम्पादकीयको संरचना आदि, मध्य र अन्त्य गरी संरचित हुन्छ । आदि भनेको परिचय खण्ड हो । यसमा सम्पादकीयमा आउने विषयको वारेमा परिचय दिइन्छ । मध्य खण्डमा निश्चित विचार दिने वा परिचयमा आएको विषयको उचित समाधान दिने गरिन्छ । सम्पादकीयमा प्रस्तुत गरिने विचारलाई सुरूमै सङ्केत गरेर विषयको व्याख्या विवेचना गर्दै निष्कर्ष दिने शैली पनि प्रचलनमा रहेको पाइन्छ । तर सम्पादकीयमा विचारको भने अनिवार्यता रहन्छ । समाचारमा घटनाका पात्र

तथा समाचारदाता बोल्छन्, स्तम्भमा स्तम्भकार बोल्छ, सम्पादकीय मात्र एउटा सामग्री हो जहाँ प्रकाशक वा छापा माध्यम वोल्छ भन्ने भनाइ छ ।

### २.२.२ सम्पादकीय संरचना

सम्पादकीयको आकार हरेक पत्रिकाको आफ्नै आकार प्रकारमा भर पर्दछ तर पत्रिकाको आकार ठूलो छ भन्दैमा सम्पादकीयको आकार पनि ठूलो हुनुपर्छ भन्ने हुँदैन । सम्पादकीय २५० देखि ३०० शब्दसम्मलाई उपयुक्त मानिन्छ (खनाल, २०६८:२१२) । सम्पादकीयको शुरूमा शीर्षक हुन्छ । शीर्षकबाहेक घटना र विचार तथा विश्लेषण तीन खण्डमा गरिन्छ । पहिलो खण्डमा विषयवस्तु प्रवेशसँगै उठाउन खोजिएको घटना वा विषयवस्तु बारे सामान्य जानकारी मात्र दिइन्छ । दोस्रो खण्डमा घटना विषयवस्तुको पक्ष वा विपक्षमा आएका तथ्य र तर्कहरूको आधारमा घटनाको विश्लेषण गरिन्छ । तथ्यहरूको प्रस्तुति मार्फत पाठकहरूलाई निष्कर्षतिर डोऱ्याउनु हो । तेस्रो खण्ड निष्कर्ष हो । यसलाई प्रायः जसो अन्तिमका एक अनुच्छेदमा टुङ्ग्याइन्छ । तथ्य र विश्लेषणका आधारमा निष्कर्ष निकालिन्छ । घटना वा विषयवस्तुबाट भविष्यमा पर्न जाने प्रभावको बारेमा जानकारी गराएर सचेत र सर्तक बनाउन सकिन्छ ।

### २.२.३ सम्पादकीयको कार्य

सम्पादकीय धेरैजसो राजनीतिक विषय र घटनाक्रमलाई लिएर लेखिने प्रचलनमा अहिले परिवर्तन आइरहेको छ । आम मानिसलाई प्रभाव पार्ने घटना राजनीतिक बाहेक अन्य पनि हुन सक्छन् भन्ने मान्यताबाट यस्तो प्रचलन विकसित भएको हो । फलस्वरूप महिला, बालबालिका, लैङ्गिक विभेद, बोक्सी, छुवाछुत, व्यापार व्यवसाय, कृषि लगायतका सवालहरूमा पनि सम्पादकीय लेख्न थालेको छ । आवाजविहीनहरूको आवाज (Voice of the voiceless) बन्ने अभिप्रायअनुरूप यो प्रचलन सुरूवात भएको हो । विकास प्रभावकारिताको अवधारणाअन्तर्गत विकासका मुद्दाहरूलाई रिपोटिङमा समेट्ने प्रकृयाअनुसार यस्तो प्रचलन सुरूवात भएको हो । सम्पादकीयले सही सूचना र सन्देश प्रवाह गरी पाठकलाई सुसूचित पार्ने गर्दछ । समाजमा चेतना फैलाउने कार्य गर्नुपर्दछ । समस्याको कारण पहिचान गरी दिगो समाधानको बाटो पहिल्याउन मद्दत गर्दछ । सम्पादकीयका कार्यलाई पाठकलाई अभिप्रेरित गर्ने, पाठकलाई सचेत र जागरूक गराउने, सल्लाह सुझाव

दिने किसिमको हुनुपर्दछ । पाठकका मतलाई प्रतिनिधित्त्व गराउने, जनमत निर्माण गर्ने, भ्रष्टाचार, सामाजिक विकृति, विसङ्गति एवम् अनियमिता हटाउन सहयोग गर्ने, मनोरञ्जन प्रदान गर्ने, शिक्षित बनाउने, नैतिक एवम् कर्तव्य बोध गराउने सम्पादकीयको कार्य हो ।

(स्रोतः खनाल, २०६४ : २१२)

### २.२ ४ असल सम्पादकीयका विशेषता

सम्पादकीय अनुमानित, काल्पनिक र कपोकल्पित कुरामा आधारित भएर लेखिँदैन । सम्पादकीय समसामयिक विषयवस्तुमा लेखिन्छ । जसले आम मानिसलाई प्रत्यक्ष वा परोक्ष रूपमा असर पारिरहेका हुन्छन् । कुनै विषयवस्तुको वास्तविकतामा आधारित भई प्रष्ट सशक्त सहज सरल तथा औपचारिक शैलीमा व्यक्त गर्नु नै सम्पादकीयको सफलता हो । असल सम्पादकीयका सरल लेखन, छोटो, छरितो र पूर्ण वाक्यको प्रयोग र सरलताबाट जटिलतातर्फ उन्मुख भई परिचित शब्दको प्रयोग गरिएको हुनुपर्दछ । अनावश्यक शब्दको प्रयोग नगरिएको, वास्तविक तथा स्पष्ट लेखन हुनाले पाठकलाई प्रभाव पार्ने नभई विचार अभिव्यक्त गरी लेखिएको सम्पादकीय राम्रो मानिन्छ । सम्पादकीय मौलिकता प्रस्तुत गर्न सक्ने, संवादको प्रयोग नभएका हुनु पर्दछ छोटो अनुच्छेदको प्रयोग गरिएकोअसल सम्पादकीयमा व्याकरणिक शुद्धता हुनुका साथै विश्वासनीयता तथा वैधता कायम गरी, शीर्षकले सम्पूर्ण विषयवस्तु समेट्न सक्ने हुनुपर्दछ । सम्पादकीयमा सामान्यीकृत व्याकरण तथा शब्दावलीको प्रयोग नभएको, कानुनी चुनौतीप्रति सचेत, सकरात्मक धारणा प्रस्तुत गरिएको र म, तिमी, मलाई जस्ता सर्वनामहरू हटाई बहुवचन जनाउने सर्वनाम प्रयोग भएको असल सम्पादकीयको विशेषता हो ।

### २.२.५ सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुराहरू

सम्पादकीय हरेक पत्रिकाको महत्त्वपूर्ण स्तम्भ भएकाले यसको लेखनमा विशेष ध्यान दिनु आवश्यक हुन्छ । विषयवस्तुका बारेमा सत्यतथ्य जानकारी प्राप्त नगरी अनुमानको भरमा सम्पादकीय लेख्नु हुँदैन । सम्पादकीय सामान्य पाठकले समेत सजिलै बुझ्ने सरल, छोटो, स्पष्ट र समसामयिक विषयलाई समेटेर लेखेको हुनुपर्दछ । सम्पादकीय मार्फत कुनै कुराको आलोचना गर्नु छ भने पेशागत प्रतिष्ठालाई ध्यानमा राखी लेख्नुपर्दछ ।

सम्पादकीय लेख्दा विषयवस्तु र घटना बारे तथ्य र प्रर्याप्त जानकारी हुनुपर्दछ । विषय छनौट गर्दा त्यसको महत्त्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनुपर्दछ । विना प्रमाण हचुवाको भरमा त्यस्ता विषयवस्तुको वारेमा सम्पादकीय लेख्नुहुँदैन । राजनीति, ब्यापार र उद्योगको विषयमा सम्पादकीय लेख्नु परेमा विषयवस्तुसँग सम्बन्धित विज्ञसँग छलफल गरेर मात्र लेख्नुपर्दछ । पत्रकारिताका पेशागत प्रतिष्ठालाई ध्यानमा राखेर सम्पादकीय लेख्नुपर्दछ ।

(स्रोतः खनाल, २०६८ : २४२)

## २.२.६ सम्पादकीयको भाषा

सम्पादकीयको भाषा सरल, स्तरीय र स्पष्ट हुनुपर्दछ । सम्पादकीय जति सरल र स्पष्ट हुन्छ त्यति पाठकहरू सम्पादकीय प्रति आकर्षित हुन्छन् । सम्पादकीय लेख्दा तथ्य र विचारको वस्तुनिष्ठ सन्तुलनतर्फ ध्यान दिनुपर्छ । निर्भिकता, निर्लिप्तता, तर्कपूर्ण, क्रमिक विकास तथ्यपूर्ण कारण, सङ्क्षिप्तता, स्पष्टता र निष्पक्ष विश्लेषण सम्पादकीयमा नभई नहुने कुरा हुन् ।

सम्पादकीय सरल भाषामा लेखिन्छ  तर समाचारको भाषामा होइन यसको भाषा उपेक्षाकृति साहित्यिक हुन्छ । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोशिस गरिन्छ । व्यक्तिपरक शैली ‘म’ छाडेर समूह परक शैली ‘हामी’को प्रयोग यसमा गरिन्छ ।

बोलचाल एवम् व्यवहार र समाचार पत्रका अन्य सामग्रीका भाषाको तुलनामा सम्पादकीयको भाषा मानक मानिने हुनाले यसको भाषा सरल, सहज र शुद्ध हुन वाञ्छनीय मानिन्छ (चालिसे, २०५७ :६५)।

## २.२.७ सम्पादकीयको शैली

विषयवस्तु अनुकूलताको भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धतिलाई शैली भनिन्छ । जुन व्यक्ति वा विषयबारे अनौपचारिक रूपले प्रस्तुत गर्न वेश हुन्छ । जैविक तर्कको प्रस्तुति गर्दा भने औपचारिक हुनु वेश मानिन्छ । सामाजिक मूल्य मान्यताभित्र रहेर जोडदार समर्थन वा आलोचनाको अभिव्यक्ति दिन सक्नु नै सम्पादकीयको सफलता हो ।

कुनै पनि समाचारपत्र वा पत्रपत्रिकाको सम्पादकहरूले सम्पादकीय लेख्ने क्रममा विषयवस्तुको आवश्यकता अनुसार व्याख्यात्मक, वर्णनात्मक, तर्कपरक, तुलनात्मक, औपचारिक, अनौपचारिक आदि विभिन्न शैलीको प्रयोग गर्न सक्दछन् र त्यो विषयवस्तुमा भरपर्ने गर्दछ । खास गरी सम्पादकीय लेखनमा प्रश्न गर्ने शैली, परामर्श दिने शैली, आलोचना गर्ने शैली यसका साथै प्रशंसा गर्ने शैली, अनुरोध गर्ने शैली, सूचना दिने शैली, सुझाव दिने शैली, भिन्नता देखाउने शैली, भविष्यवाणी गर्ने शैलीको प्रयोग गरिन्छ ।

### २.२.८ सम्पादकीयको वर्गीकरण

भारतीय पत्रकार बरूण रोय सम्पादकीयलाई ४ भागमा विभाजन गर्दछन् । उक्त वर्गीकरणलाई भानुभक्त आचार्यले 'आम सञ्चार र पत्रकारिता अध्ययन' नामक पुस्तकमा समावेश गरेका छन् । उक्त विभाजनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

#### २.२.८.१ विश्लेषणात्मक सम्पादकीय

कुनै तत्कालीन घटना विशेष वा समाचारमा आधारित भएर विश्लेषणात्मक पाराले लेखिएका सम्पादकीयहरू यसअन्तर्गत पर्दछन् । समाचार प्रस्तुतिमा समेट्न नसकिएका महत्त्वपूर्ण कुराहरूलाई सम्पादकीयको माध्यम बनाएर सम्बन्धित पक्षलाई दवाब दिन वा प्रभावित पार्न यस्तो सम्पादकीय लेख्ने गरिन्छ ।

#### २.२.८.२ आलोचनात्मक सम्पादकीय

कुनै महत्त्वपूर्ण काम राष्ट्र वा समुदायको हित विपरीत भइरहेको छ भन्ने सम्पादक वा सञ्चारगृहलाई लागेमा सरकार वा सरोकारवाला पक्षको गलत कार्यको आलोचना गर्दै गलत ढङ्गले चालिएका कदमहरू तुरून्त सच्याउन चेतावनीको भाषामा यस्ता सम्पादकीहरू लेखिन्छन् । यस्तो आलोचना सकरात्मक भविष्यप्रति आशावादी भएर गरिएको हुन्छ र आलोचनाका साथै केही सुझावहरू पनि त्यसमा दिइएको हुन्छ ।

#### २.२.८.३ प्रोत्साहनमूलक सम्पादकीय

सम्पादकीयको मूल उद्देश्य सरोकारवाला पक्षलाई कुनै कार्य गर्न वा नगर्नका लागि उत्प्रेरित गर्नु हो । यसले कुनै व्यापक जनचासो रहेको मुद्दा वा विषयमा सम्बन्धित पक्षको

आलोचना वा मूल्याङ्कन गर्दछ र कुनै बहुसङ्ख्यकलाई हित हुने कदम चाल्न सबै भन्दा बढी जोड दिन्छ। सामान्यतः त्यस्तो उपाय सम्पादकीयमा नै सम्झाइएको हुन्छ।

### २.२.८.४ प्रशंसामूलक सम्पादकीय

प्रशंसामूलक सम्पादकीय कुनै पक्षलाई बधाई दिन, राम्रो काम गरिरहन वा अझ राम्रो ढङ्गले अघि बढ्न, स्याबासी र शुभकामना दिन लेखिन्छन् । तर यस्ता सम्पादकीयहरू विरलै लेखिन्छन् । किनभने एउटा सञ्चार माध्यमले स्वागत गर्ने किसिमका सार्वजनिक चासो भएका महत्त्वपूर्ण कार्यहरू कहिलेकाहीँ मात्र हुन्छन् ।

### २.२.९ सम्पादकीयको शीर्षक

कुनै लेख, रचना, ग्रन्थ आदिको नाम नै शीर्षक हो । शीर्षकले कुनै पनि लेख, रचना वा पुस्तक, विषय वा विचार के हो भन्ने कुरा बताउँछ । शीर्षकको उद्देश्य अखवारलाई आकर्षक बनाउनु, समाचारको महत्त्व दर्शाउनु र पाठकलाई पत्रिका किन्ने बनाउनु नै हो (खनाल, २०६४ : १८४) । शीर्षक अखवारमा समाचारलाई छुट्याइएको ठाउँमा अट्न सक्ने, समाचारको मूल सन्देश प्रकट गर्ने स्पष्ट, सरल र सजिलै बुझ्न सकिने दोहोरो अर्थ नलाग्ने, प्रत्यक्ष सजीव र छोटो हुनुपर्दछ ।

सबै विशेषताहरू शीर्षकमा रहदा रहदै पनि शीर्षक छनौटमा वर्तमान कालका क्रियापद र कर्तृवाच्यको प्रयोगमा विशेष जोड दिइन्छ । शीर्षक छनोट गर्दा अर्थहीन, नकारात्मक अर्थ दिने शब्द नपरोस भन्ने कुरामा सचेत रहनु पर्दछ ।

समाचारपत्र वा पत्रपपत्रिकामा प्रकाशित सम्पादकीयमा समाचार वा रचनाको जानकारी शीर्षकले विषयवस्तुलाई कोट्याइएको मात्रै हुन्छ । त्यसैले त्यस शीर्षकको बारेमा सविस्तार जानकारी हासिल गर्नका लागि उक्त लेख, रचना वा विषयवस्तु पढ्नैपर्ने हुन्छ । शीर्षक भनेको कुनै पनि लेख रचनाको शीर्ष भागमा रहने महत्त्वपूर्ण अंश मात्र हो । यहाँ सम्पादकीयको शीर्षक भन्नाले पत्रिकामा लेखिएको सम्पादकीयको शीर्ष भागमा रहेको अंशलाई बुझाउँछ । शीर्षकले नै उक्त सम्पादकीय वा लेख रचनामा भन्न खोजिएको सार कुरा बताउँछ । शीर्षकले सम्पादकीयका बारेमा सूक्ष्म विवरण वा सङ्केत दिन्छ । शीर्षकबाट नै उक्त सम्पादकीयमा के लेखिएको हो भन्ने जानकारी प्राप्त हुन्छ । शीर्षकले पाठकलाई

उक्त विषयवस्तुबारे पढेर जानकारी हासिल गर्न उत्सुक र प्रेरित बनाउँछ । त्यसकारण शीर्षकले पाठमा रहेको सारलाई आफूमा खिचेर राख्ने सामार्थ्य राख्नुपर्दछ । शीर्षक छनौट गर्दा नकरात्मक अर्थ दिने, दोहोरो अर्थ लाग्ने वा नबुझिने, धेरै लामो र अस्पष्ट शीर्षकको चयन गरिनु हुँदैन ।

### २.२.१० सम्पादकीयमा राख्न नमिल्ने कुराहरू

सम्पादकीयको भाषा समाचारको जस्तो हुँदैन । त्यसैले समाचारमा राखिने कुराहरू सम्पादकीयमा राख्न नमिल्न सक्छ । सम्पादकीयमा एक वचन सर्वनाम (म) को प्रयोग गर्नु राम्रो हुँदैन उपशीर्षक राख्नु आवश्यक हुँदैन, झुटो, अन्दाजी र अनावश्यक व्याख्या गर्नु उपयुक्त नहुने भएकाले असल सम्पादकियले व्यक्तिको चरित्र तथा प्रतिष्ठामा आँच आउने प्रसङ्गलाई जोड्नु हुँदैन । गैर कानुनी वकालत, लामा अनुच्छेदहरू, जटिल तथा प्राविधिक शब्दहरू, व्याकरणात्मक बन्धन तथा अस्पष्ट लेखन र प्रश्नबाट अन्त्य गरी अस्पष्ट र द्विविधात्मक सन्दर्भको प्रयोग सम्पादकीयमा राख्न मिल्दैन ।

# परिच्छेद–तिन

## अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई पूरा गर्नका लागि पूर्व निर्धारित विधि एवम् निष्चित प्रक्रियाको पालना गर्नुपर्दछ । त्यसो भएमात्र अनुसन्धानबाट अपेक्षा गरिएको उद्देश्य पूरा हुन सक्छ । हरेक अनुसन्धानलाई सफल बनाउनका लागि अध्ययन विधिको स्थान उच्च रहन्छ । अनुसन्धानका लागि आवश्यक सामग्रीको स्रोत, सामग्री सङ्कलन र त्यसको सत्यापनसम्मको समग्र प्रक्रिया नै शोध विधि हो । शीर्षकको प्रकृतिअनुसार सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय विधि र प्रयोगशालीय विधि महत्त्वपूर्ण छन् ।यी दुवै विधिमध्ये कुनै एक विधिको चयन गर्नुपर्ने हुन्छ । सामग्री सङ्कलन भने प्राथमिक र द्वितीयक स्रोतबाट गर्न सकिन्छ ।

### ३.१ तथ्याङ्क सङ्कलन पद्धति

जुनसुकै कार्यको लागि निश्चित प्रक्रिया अपनाउनु पर्ने अनिवार्य आवश्यकता रहन्छ । प्रस्तुत अध्ययनमा सर्वप्रथम प्रतिनिधि पत्रिकाहरूको सङ्कलन गरी नमुनाको रूपमा १५ वटा सम्पादकीय छनोट भाषिक तथा संरचनात्मक विश्लेषण गर्न सहयोग पुऱ्याउने सहायक सामग्रीहरू सङ्लनका निम्ति पुस्तकालयीय अध्ययन विधि प्रयोग गरिएको छ । प्राप्त भएका सामग्रीलाई निश्चित विश्लेष्य आधारहरू तय गर्नका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धति प्रयोग गरिएको छ ।

### (क) प्राथमिक स्रोत

प्राथमिक स्रोतका रूपमा काठमाडौंबाट प्रकाशित हुने 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयलाई लिइएको छ ।

### (ख) द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषयका सैद्धान्तिक ग्रन्थ विभिन्न शब्दकोश, भाषा सम्बन्धी लेखरचना, शोधग्रन्थहरू, पाठ्यपुस्तक, पत्रपत्रिकालाई समावेश गरिएको छ । त्यस्तै शोध निर्देशक, विशेषज्ञ, गुरूवर्गको सल्लाह, सुझाव र निर्देशन आदिलाई लिइएको

छ । साथै आवश्यक मात्रामा 'राजधानी दैनिक' पत्रिकाका सम्पादकको पनि सहयोग लिइएको छ ।

### ३.२ नमुना छनौट

अनुसन्धानका लागि लिइएको सङ्ख्याबाट छानिएको अंशलाई नमुना भनिन्छ । अध्ययन अनुसन्धानका क्रममा सम्पूर्ण संख्याबाट अंश छान्ने र तिनलाई नै सम्पूर्ण संख्याको प्रतिनिधि मानेर अध्ययन विश्लेषण गर्ने कार्य अनुसन्धान भित्र गरिन्छ । एउटा भागबाट महत्त्वपूर्ण सामग्रीलाई ज्ञान गराउनु छनोट पद्धति हो । त्यसैले सम्पूर्ण सामग्रीबाट एक अंश लिई सम्पूर्ण सामग्री बारे ज्ञान गराउने प्रक्रियालाई नमुना छनौट पद्धति भनिन्छ ।

प्रस्तुत अध्ययनका लागि २०७१ साल जेष्ठ १५ गते देखि २०७१ साल साउन १५ गतेसम्म १५ वटा सम्पादकीयलाई लिइएको छ ।

### ३.३ अध्ययनको ढाँचा

समस्याको अध्ययन अनुसन्धान गर्न निश्चित विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ । जसले कुनै पनि समस्या र विषयवस्तुको बारेमा विस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुग्न मद्दत पुऱ्याउनुका साथै केकसरी अध्ययन कार्य गरिएको छ, त्यस कुरालाई प्रष्ट पार्ने काम गर्दछ । अनुसन्धानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णतालाई समेट्ने गरी अनुसन्धान ढाँचा तयार पार्नुपर्दछ ।

अनुसन्धान कार्यमा अध्ययन विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययनका क्रममा प्रयोग गरिएका विधिहरूले अध्ययनलाई प्रभावकारी र तथ्यपूर्ण बनाउन सकिन्छ । शोधकार्य गर्दा सम्बन्धित क्षेत्रमा गई विभिन्न विधिहरू अङ्गिकार गरी तथ्य सङ्कलन र तिनको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययन मूलतः पुस्तकालयीय अध्ययन विधिमा आधारित रहेको र आवश्यकता अनुसार वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्क विश्लेषण भन्नाले तालिकाबद्ध गरिएको सूचना एवम् सामग्रीहरूको व्याख्या र विश्लेषण गर्नु हो । वास्तविक तथ्य विश्लेषणात्मक कार्यमा अर्थ निकाल्ने कार्य

हुन्छ । अनुसन्धानबाट प्राप्त तथ्यलाई सरल खण्डमा व्यवस्थित अध्ययन विश्लेषण गर्न पूर्व योजना बनाउनुपर्छ । अनुसन्धानका तथ्यहरूको प्रारम्भिक विश्लेषण गर्ने योजना विधिका लागि समानता, भिन्नता बाह्य कारक तत्त्व आदिको बारेमा पूर्ण जानकारी हुन्छ ।

तथ्याङ्कको व्याख्या र विश्लेषणको मुख्य उद्देश्य सङ्कलित तथ्याङ्कका आधारमा अनुसन्धानसँग सम्बन्धित प्रश्नहरूको उत्तर दिनु हो । व्याख्याबाट अनुसन्धानमा प्राप्त परिमाणको बृहत खोज र अर्थ स्पष्ट पार्ने कार्य गरिन्छ । व्याख्याको माध्यमबाट अन्वेषणात्मक धारणाको निर्माण गर्न र विषयसँग सम्बन्धित कार्य गर्न विशेष योगदान मिल्दछ । तथ्याङ्कशास्त्री कुकका अनुसार वैज्ञानिक व्याख्याबाट अध्ययनयुक्त तथ्याङ्कको बीचको सम्बन्ध र तिनको अध्ययनबाट प्राप्त परिणाम र अन्य वैज्ञानिक ज्ञानको खाँचो औंल्याउँदछ ।

## परिच्छेद – चार

# व्याख्या तथा विश्लेषण

सङ्कलित सामग्रीको जटिलतम् समुच्यलाई सरलतम् एकाईहरूमा विभाजन गरी त्यसबाट खोजेको प्रश्न वा समस्याको उत्तर प्राप्तिको प्रयास अथवा नयाँ तथ्यको खोजी नै विश्लेषण हो । सामग्रीको व्यवस्थापन गर्ने क्रममा सत्यापित सामग्रीको व्याख्या विश्लेषण गर्नुपर्दछ । यस प्रक्रियामा सामग्रीलाई समस्याको उपयुक्त परिणाम निकाल्ने गरी व्यवस्थित गर्नुपर्दछ । विश्लेषणको मुख्य उद्देश्य सङ्कलित सामग्रीलाई समस्याको उपयुक्त परिणाम निकाल्ने गरी नयाँ तथ्य प्राप्त गर्नु हो ।

प्रस्तुत शोधपत्र 'राजधानी दैनिक' २०७१/०२/१५ गतेदेखि २०७१/०४/१५ गते सम्मका १५ वटा अङ्कलाई नमुना छनोट गरी सम्पादकीयको अध्ययन गरिएको छ । यस अन्तर्गत वाक्यकोटि र वाक्यका प्रकार जस्ता आधारमा 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन गरिएको छ ।

## ४.१ राजधानी दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन

राजधानी न्यूज पब्लिकेशन प्रा.लि. को स्थापना वि.सं.२०५७ पौष १ गते उत्सर्ग प्रकाशन प्रा.लि. को रूपमा भएको थियो । यो कम्पनीलाई वि.सं. २०७० श्रावण १ मा उत्सर्ग प्रकाशन प्रा.लि. बाट राजधानी न्यूज पब्लिकशन प्रा.लि. मा परिवर्तन गरियो । राजधानी न्यूज पब्लिकेशन प्रा.लि. राजधानी राष्ट्रिय दैनिकको प्रकाशक हो ।

राजधानी राष्ट्रिय दैनिक वि.सं.२०५८ जेष्ठ २२ गते उत्सर्ग प्रकाशन प्रा.लि. अहिले राजधानी न्यूज पब्लिकेशन प्रा.लि. ले प्रकाशन शुरू गरेको हो र अहिले प्रकाशनको १५औं वर्षमा चलिरहेको छ । यस पत्रिकाका संस्थापक सम्पादक महेन्द्र शेरचन हुन् । वर्तमान सम्पादक राजन शर्मा छन् । राजधानी राष्ट्रिय दैनिकले निर्भिक एवम् जिम्मेदार पत्रकारिताको उदाहरण प्रस्तुत गर्दै मुलुकको समसामयिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विभिन्न क्षेत्रका समाचार रिपोर्टिङ् गरेको छ । स्थापना कालदेखि नै राजधानी दैनिकले समाजमा लुकेका पाटोको उजागर गर्दै खोजी समाचारलाई विशेष प्राथमिकता दिदैं आएको छ । त्यसै गरी विभिन्न विषयक्षेत्रमा विचार र अभिव्यक्ति प्रकाशित गरी समसामयिक विषयमा आम जनमानसलाई सुसूचित गर्दै आलोचनात्मक बहसमा

लैजाने गरेको छ। त्यसैकारण राजधानी समकालीन नेपाली पत्रकारिताको अग्रपंक्तिमा उभिन सकेको छ । स्थापना कालदेखि नै १२ पृष्ठमा प्रकाशित हुँदै आएको राजधानी दैनिकमा समाचार, विचार, मनोरञ्जन खेलकुद र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ । हाल राजधानी दैनिक काठमाडौं सहित धरान र बुटवलबाट एकैसाथ प्रकाशन हुने गरेको छ । पछिल्लो समयमा राजधानी दैनिकले नियमित पृष्ठका साथसाथै समसामयिक मुद्दा घटनामा विशेषाङ्क समेत प्रकाशन गर्दै आएको पाइन्छ।

यस पत्रिकाले नेपाली भाषालाई मानकीकरण र आधुनिकीकरण गर्ने सन्दर्भमा विशेष योगदान रही आएको छ । भाषिक र तर्कविन्यासका दृष्टिले उपयुक्त 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको भाषालाई विषयगत भाषाको रूपमा लिएर अध्ययन गरिएको छ।

प्रस्तुत शोधपत्र 'राजधानी दैनिक' पत्रिकाको संरचनात्मक पक्षसँग मात्र सम्बन्धित छ । वि.सं. २०७१ जेठदेखि साउन महिनासम्मका १५ वटा अङ्कलाई नमुना छनौट गरी अध्ययन गरिएको छ । संरचनात्मक पक्ष अन्तर्गत शीर्षक, संरचना, विषयवस्तु र शैली जस्ता भाषिक पक्षलाई छुट्टाछुट्टै उपशीर्षकमा निम्नानुसार अध्ययन गरिएको छ।

### ४.१.१ शीर्षक

कुनै पनि लेख, रचना वा ग्रन्थको नाम नै शीर्षक हो। शीर्षकको उद्देश्य अखवारलाई आकर्षक बनाउनु, समाचारको महत्त्व दर्शाउनु र पाठकलाई पत्रिका किन्ने बनाउनु नै हो । शीर्षकको छनौट गर्दा विषयवस्तुको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्दछ। शीर्षकमा संक्षिप्तता, कलात्मकता र प्रभावकारिता हुनुपर्दछ।

शीर्षक लेख्दा वर्तमान कालका क्रियापद र कर्तृवाच्यको प्रयोग राम्रो मानिन्छ । शीर्षकमा व्यक्तिवाचक नाम र संक्षिप्त नाम सकेसम्म प्रयोग गर्नुहुँदैन। त्यस्तै क्रियापद र नामयोगीबाट शीर्षक शुरू गर्नु हुँदैन। शीर्षकमा सर्वनामको प्रयोग गर्नु राम्रो मानिँदैन।

प्रस्तुत अध्ययनमा राजधानी दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त शीर्षकलाई शब्द सङ्ख्याको आधारमा अध्ययन गरिएको छ। जसलाई निम्न अनुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ।

**तालिका नं.१**

| शब्द संख्या | सम्पादकीय संख्या | प्रतिशत |
|---|---|---|
| ३ | ८ | ५३.३३ |
| ४ | ३ | २० |
| ५ | ४ | २६.७ |
| **जम्मा** | **१५** | **१००%** |

माथि उल्लेखित तालिका अनुसार राजधानी दैनिक पत्रिकाको सम्पादकीयमा ३ शब्दका ८ वटा (५३.३३ प्रतिशत), ४ शब्दका ३ वटा (२० प्रतिशत) र ५ शब्दका ४ वटा (२६.७ प्रतिशत) रहेका छन् । ३ शब्द भएका शीर्षकहरू ८ पटक दोहोरिएको देखिन्छ भने ४ शब्द भएका शीर्षकहरू ३ पटक दोहोरिएको देखिन्छ । जुन सैद्धान्तिक हिसाबले उपयुक्त नै देखिन्छ ।

### ४.१.२ संरचना

कुनै वस्तुको बाहिरी ढाँचा, आकारप्रकार, आकृति, रूपाकृति आदिलाई संरचना भनिन्छ । (अधिकारी र भट्टराई, २०६५ : ९५२) पत्रिकाको सम्पादकीयको संरचना भन्नाले सम्पादकीयका अनुच्छेद र वाक्यलाई बुझाउँछ । सम्पादकीयको संरचना, पत्रिकाको आकार र विषयवस्तुमा भर पर्दछ ।

सम्पादकीय सामान्यतः ३/४ अनुच्छेदमा २५० शब्द जतिको हुन्छ (खनाल, २०६८ : २१२) । शब्दको सङ्ख्या विषयवस्तुको महत्त्वअनुसार घटीबढी हुन सक्छ । पाठकहरू अनावश्यक गफ पढ्न चाहँदैनन् तसर्थ पनि सम्पादकीय लेखनमा शीघ्रता हुनुपर्छ न कि अनावश्यक विस्तार र विचारको पुनरावृत्ति (मानवत, १९६६ : १२१३) । Harry W. Stoneci pher ले सम्पादकीय ३ भागमा संरचित हुने बताएका छन्, परिचय, मध्य र निष्कर्ष (१९९७ : ४०) ।

सुरूमा सम्पादकीयको शीर्षक हुन्छ । शीर्षकबाहेक घटना वा सम्पादकीयमा ३ खण्ड हुन्छन् । सुरूमा विषयवस्तुको छोटो परिचय र पृष्ठभूमि हुन्छ । यसको सुरूवात सरल र स्पष्ट भाषामा हुनुपर्दछ । मध्य भागमा तथ्य र विवरणसहित तर्क गरिन्छ । व्याख्या तार्किक विश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट गर्ने कार्य सम्पादकीयको दोस्रो भागमा गरिन्छ ।

तेस्रो भाग वा अन्त्य भाग सम्पादकीयको उपसंहार हो । यस भागमा निष्कर्ष र सुझाव प्रस्तुत गरिन्छ । (खनाल, २०६८ : २४२)

प्रस्तुत अध्ययनमा राजधानी दैनिक पत्रिकाको सम्पादकीयलाई संरचनाको आधारमा अध्ययन गरिएको छ जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २**

| **संरचना** | **सम्पादकीय सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| २ अनुच्छेद | - | - |
| ३ अनुच्छेद | १५ | १०० |
| ४ अनुच्छेद | - | - |
| ५ अनुच्छेद | - | - |
| ६ अनुच्छेद | - | - |
| **जम्मा** | **१५** | **१००** |

प्रस्तुत 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयलाई शोधपत्रमा बाह्य संरचना हेर्दा अधिकांश सम्पादकीयहरू ३ अनुच्छेदमा वितरण भएको पाइयो । यो सम्पादकीयको संरचनामा सिद्धान्त अनुसार नै देखिन्छ ।

### ४.१.३ विषयवस्तु

कुनै पनि समाचारपत्र वा पत्रपत्रिकाको सम्पादकीय स्तम्भमा समसामयिक विषयवस्तुका बारेमा जोड दिनुपर्दछ । कुनै कुराको वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरा नै विषयवस्तु हो अथवा बोल्ने, लेख्ने र पढ्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषय नै विषयवस्तु हो । (अधिकारी, २०६१ : ९५२)

कुनै पनि पत्रपत्रिका वा समाचारपत्रमा लेखिने सम्पादकीयको विषय क्षेत्र व्यापक रहेको हुन्छ । सम्पादकीय लेख्ने क्रममा समसामयिक विषयवस्तुका साथै सान्दर्भिक र सर्वोपयोगी हुनुपर्दछ । कुनै पनि विषयवस्तु बारे सम्पादकीय लेख्दा त्यस विषयप्रति सम्पूर्ण जानकारी प्राप्त गरेको हुनुपर्दछ । आम जनसमुदाय वा पाठकमा इच्छा र आवश्यकतालाई ध्यानमा राखेर सम्पादकीयमा विषयवस्तु चयन गरिएको हुनुपर्दछ । समाचारपत्रमा लेखिने सम्पादकीयले सम्पूर्ण जनसमुदायको प्रतिनिधित्त्व गर्न सक्नु पर्दछ । सकेसम्म समाचारपत्र वा पत्रपत्रिकामा छापिने सम्पादकीयले नकरात्मक अर्थ दिने विषयवस्तुले समुदाय र व्यक्तिको चरित्रमा आँच आउने विषयवस्तुलाई निरूत्साहित गर्दै सकरात्मक विचारको अभिव्यक्ति

गर्नुपर्दछ । सम्पादकीयको विषयवस्तु समसामयिक, सान्दर्भिक र उपयोगी हुनु पर्दछ । विना प्रमाण र थाह नभएको विषयमा सम्पादकीय लेख्नु हुँदैन ।

पत्रकार रामपाल सिंहका अनुसार सम्पादकीयको विषयवस्तुको मूल्याङ्कन निम्न अनुसार गरिन्छ ।

(क) जानकारी दिने (ख) सतर्क गराउने

(ग) विश्लेषण गर्ने (घ) शिक्षित गराउने

(ङ) मार्गदर्शन गर्ने (च) सम्झाउने

(छ) दृष्टिकोण प्रस्तुत गर्ने (ज) प्रेरित गर्ने

(झ) मनोरञ्जन प्रदान गर्ने

प्रस्तुत शोधपत्रमा 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको विषयवस्तुलाई अध्ययन गरिएको छ । जसलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.३**

| **विषयवस्तु** | **सम्पादकीय संख्या** | **प्रतिशत** |
|---|---|---|
| राजनीतिक | ६ | ४० |
| सर्तक गराउने | १ | ६.६ |
| दृष्टिकोण | २ | १३.३३ |
| जनचेतना | २ | १३.३३ |
| विश्लेषण गर्ने | १ | ६.६६ |
| शैक्षिक | १ | ६.६६ |
| स्वास्थ्य | १ | ६.६६ |
| **जम्मा** | **१५** | **१००** |

उल्खिखित तालिका अनुसार राजधानी दैनिक पत्रिकाको सम्पादकीयमा राजनीतिक, सतर्क गराउने, दृष्टिकोण, जनचेतना, विश्लेषण, शैक्षिक र स्वास्थ्य क्षेत्रका विषयवस्तुलाई समेटेको देखिन्छ , जसमध्ये राजनीतिक विषयवस्तुलाई सबैभन्दा बढी ६ पटक, सर्तक गराउने १ पटक, दृष्टिकोण र जनचेतना २/२ पटक, विश्लेषण गर्ने, शैक्षिक र स्वास्थ्य क्रमशः १/१ पटक प्रकाशित भएका छन् ।

### ४.१.४ शैली

शैली भनेको ढङ्ग हो । अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ । कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग ढाँचा नै शैली हो । भाषिक एकाइको सौन्दर्य वोधक समुच्च र भाषा एवम् विषयमा दृष्टिबाट विचलन युक्त रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ (शर्मा र लुइटेल, २०६१ : २३८) ।

सम्पादकीय लेखन स्वतन्त्र विधा हो । सम्पादकीयलाई उत्कृष्ट बनाउन केही आदर्श स्थापना गर्न सकिन्छ । सम्पादकीय लेखन शैली सरल, सरस र मिठासयुक्त हुनुपर्दछ । संक्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले सम्पादकीय लेख प्रस्तुत गर्दा राम्रो हुन्छ । सम्पादकीय विषयवस्तुको प्रकृति र आवश्यकता अनुसार वर्णनात्मक, तर्कपरक, औपचारिक अनौपचारिक आदि विभिन्न शैलीको प्रयोग गर्न सकिन्छ । सम्पादकीय लेखनका तरिकाहरू यस प्रकार छन् ।

(क) प्रश्न गर्ने शैली

(ख) परामर्श दिने शैली

(ग) आलोचना गर्ने शैली

(घ) कुरा बुझाउने शैली

(ङ) प्रशंसा गर्ने शैली

(च) विश्वास दिलाउने शैली

(छ) भिन्नता देखाउने शैली

(ज) घृणा गर्ने शैली

(झ) भविष्वाणी गर्ने शैली

(ञ) अवरोध गर्ने शैली

(ट) रचनात्मक शैली

(डि. एस.मेहता, १९७९ : १७१)

तालिका नं.४

| शैली | सम्पादकीय संख्या | प्रतिशत |
|---|---|---|
| प्रशंसा गने | २ | १३.३३ |
| अनुरोध गर्ने | ५ | ३३.३३ |
| परामर्श दिने | १ | ६.७ |
| मार्गदर्शन | १ | ६.७ |
| रचनात्मक | १ | ६.७ |
| आलोचना | ५ | ३३.५५ |
| **जम्मा** | **१५** | **१००** |

माथिको तालिका अनुसार 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयमा ६ प्रकारका शैलीको प्रयोग भएको देखिन्छ । नमुनाको रूपमा छानिएका १५ वटा सम्पादकीयमध्ये अनुरोध गर्ने ५ वटा (३३.३३ प्रतिशत), आलोचना गर्ने (३३.३३ प्रतिशत), प्रशंसा गर्ने २ वटा (१३.३३ प्रतिशत), परामर्श दिने १ वटा (६.७ प्रतिशत), रचनात्मक १ वटा (७.७ प्रतिशत), मार्गदर्शन गर्ने १ वटा (६.७ प्रतिशत) रहेको देखिन्छ ।

यसरी हेर्दा 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयमा अनुरोध गर्ने शैली र आलोचना गर्ने शैली सबैभन्दा बढी प्रयोग भएको देखिन्छ ।

## ४.२ वाक्यकोटि

वाक्यमा लिङग्, वचन, पुरूष, काल, पक्ष, भाव, ध्रुवीयता आदिलाई अभिव्यक्त गर्ने पक्षलाई वाक्यकोटि भनिन्छ । यसलाई व्याकरणात्मक कोटि भनेर चर्चा गरिएको पनि पाइन्छ । वाक्यकोटिले वाक्यमा शब्दलाई प्रयोग योग्य बनाउँछ । प्रस्तुत शोध पत्रमा वाक्यकोटि अन्तर्गत, काल, पक्ष र ध्रुवीयताको मात्र अध्ययन गरिएको छ ।

### ४.२.१ काल

क्रियाको समयसँग सम्बन्धित रूपायनिक कोटिलाई काल भनिन्छ (न्यौपाने र अन्य, २०६७ : १०१) । कालको अध्ययन खास भाषामा समय बुझाउने भाषिक रूपको अध्ययन हो । त्यसैले काल भाषिक समय हो । यो क्रिया वा धातुबाट अभिव्यक्त हुन्छ । नेपालीमा भूतकाल र अभूतकाल गरी दुई कालिक भेद रहेको पाइन्छ । पहिले वा बितिसकेको समयमा

काम भएको वा काम हुने बानी परेको र भइसकेको कुरा पछि थाहा भएको बुझाउने क्रियापदको समयलाई भूतकाल भनिन्छ । नेपालीमा य् (इ र ए) परसर्ग लिने क्रिया भूतकालीन क्रिया  हुन् ।

अहिलेको समयमा काम हुने हुँदै गरेको र भइ सकेर पनि यसको असर बाँकी रहेको र पछि आउने समयमा काम हुने बुझाउने क्रियापदको समयलाई अभूतकाल भनिन्छ । 'छ' परसर्ग लिने क्रिया अभूतकालीन क्रियापद हुन् । नेपाली भाषामा अभूतकाललाई पनि वर्तमान काल र भविष्यत् काल गरी दुई भागमा बाँडेर चर्चा गरिएको पाइन्छ । 'छ' अघि 'ने' लाग्ने भविष्यतकालीन क्रिया र नलाग्ने (शूल्य) वर्तमानकालीन क्रिया भनेर छुट्याइएको पाइन्छ । (यादव र रेग्मी, २०६९ : २०६)

पत्रिकाको सम्पादकीय लेखनमा यही कालको प्रयोग गर्नुपर्छ भन्ने कुनै निश्चित आधार छैन । विषयवस्तु अनुसार जुनसुकै कालको प्रयोग गर्न सकिन्छ । प्रस्तुत शोधपत्र 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययनमा भूतकालीन र अभूतकालीन दुबै प्रकारका वाक्यको प्रयोग भएको पाइयो । यस अध्ययनलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.५**

| **काल** | **वाक्य संख्या** | **प्रतिशत** |
|---|---|---|
| अभूतकाल | २९० | ८६.३ |
| भूतकाल | ४६ | १३.७ |
| **जम्मा** | **३३६** | **१००** |

माथिको तालिका अनुसार 'राजधानी दैनिक' पत्रिकाको नमुना छनोट गरिएका सम्पादकीयमा जम्मा ३३६ वाक्यहरू रहेका छन् । जसमा अधिकांश वाक्यहरू अभूतकालका रहेका छन् । बाँकी भूतकालका रहेका छन् । ३३६ वटा मध्ये २९० अभूतकालीन वाक्य ( ८६.३ प्रतिशत) र भूतकालीन वाक्य ४६(१३.७ प्रतिशत) रहेका छन् ।

**अभूतकालका उदाहरणहरू**

(क) एक साता यता मुलुकमा विभिन्न स्थानमा वर्षा भएको छ। (२०७१/२/१६)

(ख) ढिलै किन नहोस् दलका नेताहरूले विवेक पुऱ्याएर काम गर्न थालेका छन्। (२०७१/०२/१५)

(ग) आगामी १४ साउनमा सभासदको बहुमत संख्याले जनतासम्म सहमति दिए मात्र यो जनताका माफ्क पुग्नेछ। (२०७१/०४/१३)

(घ) १७ वर्षपछि भारतका प्रधानमन्त्रीले औपचारिक रूपमै नेपालको राजकीय भ्रमण गर्दैछन्। (२०७१/०४/११)

माथि प्रस्तुत क, ख, ग र घ वाक्यलाई हेर्दा यी वाक्यहरूमा नबितेको सन्दर्भ जनाउने वर्तमान कालीन क्रिया 'छ' को प्रयोग भएको देखिन्छ। त्यस्तै उदाहरण (ग) को वाक्यमा नबितेको सन्दर्भ जनाउने भविष्यतकालीन रूप 'नेछ' को प्रयोग भएको देखिन्छ। तसर्थ प्रस्तुत क, ख, ग र घ चारवटै वाक्यलाई अभूतकालीन उदाहरणको रूपमा लिन सकिन्छ।

**भूतकालका केही उदाहरण**

(क) तत्कालीन एमाओवादी नेतृत्व र संविधानसभा निर्वाचनको प्रयोजन निम्ति गठित प्रधानन्यायधीश नेतृत्त्वको सरकारका पालामा रकमान्तर गर्ने प्रवृत्ति उच्च विन्दुमा पुगेको थियो। (२०७१/०२/१७)

(ख) मुलुकमा गणतन्त्र आएपछि गठित पहिलो संविधानसभा विना निष्कर्ष भङ्ग भएपछि आम नागरिकमा एक खालको त्रासले बास गरेको थियो। (२०७१/०२/१५)

(ग) विगतका केही वर्षहरूमा नयाँ दिल्ली र काठमाडौंको सम्बन्ध राजनीतिक तहमा भन्दा कर्मचारीतन्त्रको तहसम्ममा मात्र सीमित भएको चर्चा कुटनीतिक वृत्तमा हुने गरेको थियो। (२०७१/०४/११)

प्रस्तुत क, ख, र ग तिनैवटा वाक्यका उदाहरणलाई हेर्दा यी वाक्यहरूमा भूतकालीन सन्दर्भ जनाउने प्रत्यय 'यो' प्रयोग भएको देखिन्छ। यी वाक्यले काम भइसकेको

सन्दर्भलाई उद्धृत गरेको हुनाले प्रस्तुत वाक्यहरूलाई भूतकालको उदाहरणका रूपमा लिन सकिन्छ ।

## ४.२.२ पक्ष

कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपायक कोटिलाई पक्ष भनिन्छ । क्रियामा व्यक्त गर्ने समयसँग क्रियामा व्यक्त घटनाको अवस्थालाई जोड्ने व्याकरणिक अभिलक्षण पक्ष हो । यो पनि क्रियामा अभिव्यक्त हुने कोटि हो । यसैका आधारमा पक्षलाई सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी ५ प्रकारमा बाँड्न सकिन्छ ।

प्रस्तुत शोधपत्रमा 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययनलाई निम्न पाँच पक्षका आधारमा अध्ययन गरिएको छ । जसलाई तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.६**

| पक्ष | वाक्य संख्या | प्रतिशत |
|---|---|---|
| सामान्य | १९९ | ५९.३ |
| अपूर्ण | १७ | ५ |
| पूर्ण | १२० | ३५.७ |
| **जम्मा** | **३३६** | **१००** |

**सामान्य पक्षको उदाहरण**

(क) हाम्रो सामाजिक संस्कार अनुसार महिलाहरू आफैँमा क्षमतावान् भए पनि नेतृत्त्व लिने मामलामा प्रायः हिच्किचाउने चलन छ । (२०७१/०२/२२)

(ख) सम्झौता यता संसदको एउटा अधिवेशन अन्त्य भई अर्को जारी छ । (२०७१/०२/२१)

(ग) यस्तो अवस्थामा सुरू गरिएको टेलिमेडिसिन शैली आफैँमा राम्रो कामको सुरूवात् हो । (२०७१/०३/०६)

**अपूर्ण पक्षको उदाहरण**

(क) कार्यपालिकाको एकोहोरो पेलाइबाट टक्कर दिने एक मात्र राम्रो उपाय यस पटक अभ्यास हुँदैछ । (२०७१/०४/१३)

(ख) प्रधानमन्त्री निर्वाचित भएको दुई महिनामै नरेन्द्र मोदी काठमाडौं आउँदै छन् ।
(२०७१/०४/११)

**पूर्ण वाक्यका उदाहरण**

(क) स्वराजको यो भ्रमण र मोदीको आसन्न भ्रमणबाट दुई मुलुक बीचका यावत् समस्याको राजनीतिक तहमा समेत नयाँ खालको सम्बन्ध स्थापितको आवश्यकता र अभ्यास बोध गराएको छ । (२०७१/०४/११)

(ख) दलहरू लज्जास्पद ढङ्गले आफ्नै सहमति कार्यान्वयन गर्ने/नगर्ने विषयमा छलफल गर्ने नाममा समय व्यतित गरिरहेका छन् । (२०७१/०२/२१)

(ग) सरकारले पूर्वी तराईमा जन्डिसको प्रकोप फैलिए लगत्तै प्रकोप प्रभावित ठाँउमा स्वास्थ्यकर्मीको टोली खटाएको थियो । (२०७१/०२/१६)

## ४.२.३ ध्रुवीयता

क्रियाले एक पटकमा कि सकरात्मक कि नकारात्मक अर्थ व्यक्त गर्दछ । यही सकारात्मक वा नकारात्मकतालाई बुझाउने व्याकरणिक अभिलक्षणलाई ध्रुवीयता भनिन्छ । यही आधारमा क्रियापद करण अकरण गरी दुई वर्गमा छुट्टिन्छन् । नेपाली भाषामा करण र अकरणको भेद क्रियामा देखिन्छ । सकारात्मक अर्थ बुझाउने कोटि करण हो भने नकारात्मक अर्थ बुझाउने कोटि अकरण हो ।

प्रस्तुत शोधपत्र 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययनलाई ध्रुवीयताको आधारमा अध्ययन गरिएको छ । जसलाई तालिकामा निम्न अनुसार देखाउन सकिन्छ

**तालिका नं.७**

| ध्रुवीयता | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| करण | २७१ | ८०.६५ |
| अकरण | ६५ | १९.३५ |
| **जम्मा** | **३३६** | **१००** |

**करण वाक्यका केही उदाहरणहरू**

क) रत्नपार्क काठमाडौंको मुटुमा रहेको आफैँमा मौलिक र ऐतिहासिक सम्पदा हो ।

(२०७१ आषाढ ४ गते बुधबार)

ख) पेट्रोलियम पदार्थ अहिले सबैभन्दा धेरै उपयोग गरिने वस्तु भएको छ ।

(२०७१ आषाढ ३ गते मङ्गलबार)

ग) सरकारमा भएका दलहरू त्यो सहमतिप्रति इमान्दार बन्नै पर्छ ।

(२०७१ जेष्ठ २ गते बुधबार)

**अकरण वाक्यका केही उदाहरणहरू**

क) बाबुआमा भगवान् समान हुन् भन्ने भनाइलाई अहिलेका पुस्ताले चटक्कै बिर्सिएको यथार्थ दोहोऱ्याई रहन जरूरी छैन ।

(२०७१ आषाढ २ गते सोमबार)

ख) एकपटक बाढी जानु भनेको केवल एकसरो दशा टर्नु होइन ।

(२०७१ श्रावण ५ गते सोमबार)

ग) सहमति गर्ने र कार्यान्वयनमा ल्याउन आलटाल गरेर बजेटबारे छलफल गर्न डाकेको अधिवेशन प्रभावित पार्ने कार्य किमार्थ मान्न सकिन्न ।

(२०७१ जेष्ठ २१ गते बुधबार)

## ४.३ वाक्य

एउटा उद्देश्य र एउटा विधेय भएको सार्थक भाषिक एकाइलाई वाक्य भनिन्छ । यो सबैभन्दा ठूलो व्याकरणिक एकाइ हो । वाक्यलाई उपवाक्यभन्दा ठूलो र अनुच्छेदमा सानो एकाइ मानिन्छ । कहिलेकहीँ उद्देश्य र विधेयमध्ये एकको अभावमा पनि वाक्य बन्ने अवस्था आउँछ । त्यस्तो अवस्थामा सन्दर्भगत अर्थ लगाउनुपर्ने हुन्छ । संरचनाका आधारमा नेपाली भाषामा सरल र जटिल गरी दुई किसिमका वाक्य हुन्छन् ।

(क) सरल वाक्य

एउटा मात्र उद्देश्य र एउटा मात्र विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । यसमा एउटा मात्र समापिका क्रिया रहन्छ । यसमा एउटा मात्र स्वतन्त्र उपवाक्य हुन्छ ।

(ख) जटिल वाक्य

एक भन्दा बढी उपवाक्यहरू मिलेर बनेको वाक्यलाई जटिल वाक्यलाई भनिन्छ । जटिल वाक्यमा आउने उपवाक्यहरूलाई सापेक्ष वा निरपेक्ष संयोजकले जोडेको हुन्छ । सम्पादकीय लेखनमा सकभर सरल र छोटा वाक्यको प्रयोग गर्नु उपयुक्त मानिन्छ । सरल वाक्यको प्रयोगले विचार अभिव्यक्तिलाई सहज रूपमा पाठकसामु पुऱ्याउँछ, जसले पाठकहरू अखवारप्रति आकर्षित हुन्छन् । वाक्यहरू एकै सासमा पढिने खालका उपयुक्त मानिन्छन् । जटिल वाक्यको प्रयोगले पाठकलाई अलमलमा पार्न सक्छ ।

प्रस्तुत अध्ययन 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयमा भाषाको वाक्यका प्रकारका आधारमा अध्ययन गरिएको छ, जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं.८**

| **वाक्यका प्रकार** | **वाक्य सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| सरल | १०२ | ३०.३५ |
| जटिल | २३४ | ६९.६५ |
| **जम्मा** | **३३६** | **१००** |

माथिको तालिकालाई हेर्दा 'राजधानी दैनिक' पत्रिकाका १५ वटा सम्पादकीयमा जम्मा ३३६ वाक्य भेटिएका छन् । जसमध्ये सरल वाक्य १०२ (३०.३५ प्रतिशत) र जटिल वाक्य २३४ (६९.६५ प्रतिशत) रहेका छन् । एउटा सम्पादकीयमा कम्तीमा १६ वाक्य र बढीमा २७ वाक्य सम्म भेटिएका छन् ।

सरल वाक्यका उदाहरण

(क) ढिलै किन नहोस् । (२०७१/०२/२२)

(ख) पेट्रोलियम पदार्थ अहिले सबैभन्दा धेरै उपयोगी गरिने वस्तु भएको छ । (२०७१/०३/०३)

(ग) खराबको दर्जाको सूचीमा आफूलाई सीमित राखे । (२०७१/०४/०९)

(घ) बाढी पहिरो आफैँमा मान्छेको बसमा नियन्त्रण गर्न सकिँदैन । (२०७१/०४/०५)

जटिल वाक्यका उदाहरण

(क) सहमति गर्नु अघि त्यसको कार्यान्वयनबाट पर्ने असरबारे छलफल गर्ने हो तर सहमति नै मान्दिन भन्नु राजनीतिक बेइमानी हो । (२०७१/०२/२२)

(ख) विगत केही वर्षहरूमा नयाँ दिल्ली र काठमाडौंको सम्बन्ध राजनीतिक तहमा भन्दा कर्मचारीतन्त्रको तहसम्ममा मात्र सीमित भएको चर्चा कुटनीतिक वृत्तमा हुने गरेको थियो । (२०७१/०४/११)

(ग) जब कुनै सम्पदाको अस्तित्त्व नामेट हुने अवस्थामा पुग्छ तब मात्रै राज्यको आँखा खुल्ने गरेको छ । (२०७१/०३/०४)

(घ) विश्वमा मौलाउँदै गएको एकल परिवारको संस्कारले नेपालमा पनि क्रमशः स्थापित हुने तयारीमा छ भने त्यसको मारमा परेका छन् आम बृद्धबृद्धा (२०७१/०३/०२) ।

## अध्याय – पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

### ५.१ सारांश

एघारौं शताब्दीबाट सुरू भएको नेपाली भाषा अहिलेको अवस्थामा आइपुग्दा धेरै विकास भएको छ । प्राचीन काल, मध्यकाल र आधुनिक काल हुँदै नेपाली भाषा वर्तमानसम्म आईपुग्दा पूर्ण विकसित अवस्थामा आईपुगेको छ । यति हुँदाहुँदै पनि नेपाली भाषाको प्रयोगमा विभिन्न त्रुटिहरू भएको पाइन्छ । भाषा प्रयोजनका हिसाबले नेपाली भाषा विभिन्न क्षेत्रमा प्रयोग गरिँदै आएको छ । त्यस मध्येको महत्त्वपूर्ण क्षेत्र आसञ्चार माध्यम पनि हो ।

रेडियो, टेलिभिजन, फिल्म, नाटक, पत्रपत्रिका आदिमा प्रयोग गरिने नेपाली भाषामा अझै पनि त्रुटिहरू रहेका छन् । नेपाली भाषाप्रतिको उदासिनता, नेपाली भाषाप्रति अन्य भाषाको प्रहार आदि कारणबाट पनि नेपाली भाषामा त्रुटिहरू रहेको पाइन्छ । नेपाली इतर भाषाको प्रयोग गर्नाले व्यक्तित्व झल्कने साथै गौरवको अनुभूति गर्ने मानसिकताको उपजको कारण नेपाली भाषा मारमा परेको देखिन्छ ।

प्रस्तुत शोधपत्रको उद्देश्य 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन रहेको छ । यसका लागि सम्पादकीयको संरचनात्मक अध्ययन अन्तर्गत शीर्षक, संरचना, शैली र विषयवस्तुलाई आधार बनाइएको छ भने सम्पादकीयको अध्ययन अन्तर्गत वाक्यकोटि (काल, पक्ष, ध्रुवीयता) र वाक्यका प्रकार (सरल र जटिल) लाई आधार बनाइएको छ । नमुना छनोटमा परेका १५ वटा सम्पादकीयलाई एकैसाथ अध्ययन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा पूर्वकार्यको अवलोकन र सैद्धान्तिक अवधारणा, तेस्रो परिच्छेदमा विधि र अध्ययन प्रक्रिया, चौथो परिच्छेदमा व्याख्या तथा विशलेषण र परिच्छेद पाँचमा सारांश, निष्कर्ष, उपयोगितालाई समेटिएको छ ।

सम्पादकीय समाचार होइन विचार हो । सार्वजनिक महत्त्वको सन्देश दिन सम्पादकीय प्रभावकारी हुन्छ । छापा माध्यमका अतिरिक्त अनलाईन माध्यममा समेत सम्पादकीय महत्त्वपूर्ण मानिन्छ । भनिन्छ शिक्षित पाठकहरूले सर्वप्रथम पत्रिकाको सम्पादकीय हेर्छन,

सामान्य पाठकले राशिफल । त्यसैले सम्पादकीय अत्यन्तै कम पढिने स्तम्भ हो तर यसको प्रभाव अन्य सबै समाचार सामग्रीको भन्दा बढी हुन्छ ।

नेपालको सञ्चार इतिहासलाई हेर्ने हो भने २००७ सालमा प्रजातन्त्रको घोषणा भएपछि मात्रै सबैजसो पत्रपत्रिकाले औपचारिक रूपमा सम्पादकीय स्तम्भ छाप्न थालेका हुन् । सम्पादकीय सम्बन्धित पत्रिकाको सम्पादकले आफ्नो पत्रिकाको तर्फबाट कुनै विषयमाथि विश्लेषण गर्दै उपयुक्त सुझाव दिने गरी लेखिने एक नियमित लेखन हो । यसमा लेखकको नाम उल्लेख गरिएको हुँदैन । यस्तो लेखनलाई पत्रिकाको आधिकारिक अभिव्यक्ति वा अग्रलेख (Leader) पनि भन्ने गरिन्छ । सम्पादकीयको भाषा स्तरीय र विश्लेषणात्मक हुनुपर्दछ । सम्पादकीयका लागि एउटा निश्चित स्थान छुट्याइएको हुन्छ । दुई छुट्टाछुट्टै विषयमा सम्पादकीय लेख्ने चलन पनि छ तर दुई वा दुईभन्दा बढी सम्पादकीय लेख्नु राम्रो मानिदैन ।

सम्पादकीय साधारणतया तीन अनुच्छेदमा लेखिन्छ । पहिलो अनुच्छेदमा विषय प्रवेश, दोस्रो अनुच्छेदमा विषय विश्लेषण, तर्क वा खण्डन, पुष्टि वा उदाहरण र तेस्रो अनुच्छेदमा सुझावसहित उपसंहार रहेको हुन्छ । न्युयोर्क हेराल्ड ट्रिब्युनका जोफ्रे पार्सन्स (Geoffery parsons) भन्छन् "सम्पादकीय लेखकमा आफूले लेख्न लागेको विषय पृष्ठभूमिबारे व्यापक र विस्तृत ज्ञानका साथै कुनै पनि विषयमा पाठकको विचार सही रूपमा उत्तेजित गराउन सक्ने क्षमता आवश्यक हुन्छ ।" यो स्तम्भको प्रयोग कुनै कुनै घटना वा समस्याका बारे व्यापक ज्ञान भएको र समसामयिक घटना प्रति जानकार भएको हुनु आवश्यक छ ।

सम्पादकीयमा वास्तविक र सत्यतथ्य विचारहरू मात्र प्रयोग हुनुपर्दछ । आलोचनात्मक भाषामा सम्पादकीय लेखिने हुँदा त्यसमा प्रयोग गरिने भाषा शिष्ट र नम्र हुनुपर्दछ । सम्पादकीय लेख्दा आफ्नो सञ्चारगृह तथा पेशागत मर्यादालाई पनि ध्यान दिनु आवश्यक हुन्छ ।

'राजधानी दैनिक' पत्रिकाका शोधका निमित्त छनोट गरिएका सम्पूर्ण सम्पादकीयहरूमा औपचारिक भाषाको प्रयोग भएको छ । सरल वाक्यको तुलनामा जटिल वाक्यको प्रयोग बढी पाइन्छ । कालगत आधारमा भूतकालको तुलनामा अभूतकालको प्रयोग ज्यादा पाइन्छ ।

पक्षका आधारमा सामान्य पक्षको प्रयोग धेरै भएको देखिन्छ, त्यसपछि पूर्ण र अपूर्ण पक्षको प्रयोग भएको देखिन्छ । अकरणको भन्दा करण वाक्यको अधिक प्रयोग भएको पाइन्छ ।

## ५.२ निष्कर्ष

'राजधानी दैनिक' पत्रिकाको वि.सं. २०७१ जेष्ठ १५ गते देखि श्रावण १५ सम्मका जम्मा १५ वटा सम्पादकीयको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ ।

(क) सम्पादकीयको शीर्षकको आधारमा अध्ययन गर्दा ३ देखि ५ शब्द सम्ममा संरचित भएका पाइन्छन् । जस मध्ये ३ शब्द शीर्षक सवैभन्दा बढी ८ वटा ५३.३३ प्रतिशत) र त्यसपछि ५ शब्दको शीर्षक ४ वटा (२६.७ प्रतिशत) रहेको पाइन्छ ।

(ख) सम्पादकीयको संरचनाको आधारमा अध्ययन गर्दा ३ अनुच्छेदसम्म संरचितरहेको पाइन्छ ।

(ग) सम्पादकीयको विषयवस्तुको आधारमा अध्ययन गर्दा विभिन्न ७ क्षेत्रका विषयमा लेखिएको देखिन्छ । १५ वटा नमुना मध्ये सबै भन्दा बढी राजनीतिक विषयका ६ वटा सम्पादकीय रहेका छन् ।

(घ) सम्पादकीयको शैली आधारमा अध्ययन गर्दा विभिन्न शैलीमा सम्पादकीय संरचित भएको देखिन्छ ।

(ङ) सम्पादकीयको कालका आधारमा अध्ययन गर्दा भूतकाल भन्दा अभूतकालको प्रयोग धेरै भएको पाइन्छ ।

(च) सम्पादकीयको पक्षका आधारमा अध्ययन गर्दा सामान्य पूर्ण र अपूर्ण प्रयोग भएको पाइन्छ ।

(छ) ध्रुवीयताको आधारमा अध्ययन गर्दा अकरण वाक्य भन्दा करण वाक्यको प्रयोग अधिक देखिन्छ ।

(ज) सम्पादकीयको वाक्यका प्रकारका आधारमा अध्ययन गर्दा जटिल वाक्यको प्रयोग अधिक देखिन्छ ।

## ५.३ उपयोगिता

सम्पादकीय खण्ड पत्रिकाको महत्त्वपूर्ण स्तम्भ हो । यसमा समसामयिक विषयवस्तु माथि विचार प्रकट गरिकएको हुन्छ । 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन शीर्षकबाट निम्नानुसारका उपयोगीताहरू उल्लेख गर्न सकिन्छ ।

क) पत्रिकामा प्रयुक्त भाषाको संरक्षण, सम्वर्द्धन र विकासका लागि यो अध्ययन उपयोगी छ ।

ख) सम्पादकीयलाई पाठ्यसामग्रको रूपमा उपयोग गर्ने शिक्षक, विद्यार्थीहरूका लागि उपयोगी छ ।

ग) यस अध्ययनबाट विभिन्न पत्रपत्रिकाका प्रकाशक समूहलाई उपयोगी छ ।

घ) यस पत्रिकामा देखिएका कमी कमजोरीलाई औंल्याउँदै आगामी अङ्कलाई सुधार गर्न उपयोगी हुनेछ ।

ङ) यस अध्ययनबाट नयाँ शोधार्थीलाई उपयोगी हुनेछ ।

## ५.४ सुझाव

शोधकार्यको अन्त्यमा शोध अध्ययन र निष्कर्षबाट सम्भावित विषयमा देखा परेका कमी कमजोरीप्रति सचेतता अपनाउन उक्त सुधार प्रक्रिया का लागि सुझावहरू प्रस्तुत गर्नु शोध कार्यको अन्तिम उद्देश्य हो । काम गर्दै जाँदा कमी कमजोरी हुनु स्वाभाविकै हो । गल्ती कमजोरीलाई पहिल्याई सुधार गर्दै जानु पर्दछ । 'राजधानी दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन विश्लेषण गर्दा सम्पादकीय लेखनको सिद्धान्त अनुरूप नै देखिए पनि अध्ययनका क्रममा सङ्कलित तथ्याङ्कको विश्लेषणबाट निस्किएका निष्कर्षका आधारमा भेटिएका सम्पादकीयका केही कमजोरीहरूलाई औंल्याउँदै निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

(क) अध्ययन गरिएका सम्पादकीयहरू मध्ये केही सम्पादकीयको शीर्षक वाक्यात्मक ढाँचामा छन् । सम्पादकीयहरू पदावली युक्त हुनु राम्रो मानिन्छ ।

(ख) लामा वाक्यलाई कम गर्नु राम्रो मानिन्छ ।

(ग) सश्लेषित वाक्य भन्दा सरल ढङ्गमा वाक्य रचना गर्नु उचित मानिन्छ ।

(घ) सम्पादकीय लेखनमा दैनिक प्रयोगमा आइरहने परिचित र सजिला शब्दहरूको प्रयोग राम्रो मानिन्छ ।

(ङ) सम्पादकीय पृष्ठभूमि, तार्किक विश्लेषण र निष्कर्ष गरी तीन भागमा संरचित हुनु उचित मानिन्छ ।

# सन्दर्भसामग्री सूची

**पुस्तकहरू**

अधिकारी, निर्मलमणि (२०६६), **आमसञ्चार र पत्रकारिता** (पाँचौं सं.), काठमाडौं : प्रशान्ति प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६५), **समसामयिक नेपाली व्याकरण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०६५), **सामान्य भाषाविज्ञान,** काठमाडौंः वाङ्मय प्रकाशन गृह ।

खनाल, चिरञ्जीवी (२०५७), **सम्पादन सहयोगी,** काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट ।

खनाल, श्रीराम (२०६८), **आमसञ्चार र पत्रकारिता,** काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

चालिसे, विजय (२०५७), **समाचार सङ्कलन तथा सम्पादन** (दास्रो सं.) काठमाडौं सृष्टि प्रकाशन ।

नेपाल प्रेस इन्स्टिच्युट (२०५८), **पत्रकारिता हाते किताब,** ( तेस्रो सं.), काठमाडौं : इन्द्रेणी अफसेट ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), **सामान्य भाषाविज्ञान,** काठमाडौं : सनलाइट पब्लिकेसन ।

पुरोहित, अनिलकेशोर (ई. १९९८), **आधुनिक समाचारपत्र प्रबन्धन**, दिल्ली : आदित्य पब्लिकेसन ।

भट्टराई, डी.पी. र अन्य (२०६७), **अनिवार्य नेपाली,** काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौं : न्यू हिरा बुक्स ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भानवत, सजीवत (इ. १९९७), **सम्पादक कला,** जयपुर युनिभर्सिटी पब्लिकेसन ।

बराल कृष्णहरि र नेत्र एटम (२०६६), **नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** (दोस्रो सं.०, काठमाण्डौं : तलेजु प्रकाशन ।

बन्धु, चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौंः रत्न पुस्तक भण्डार ।

मेहता, डी.एस. (इ. १९७९) **मास कम्युनिकेसन एन्ड जर्नालिजम्स इन इन्डया,** मुम्बइ एलाइट पब्लिसर्स लिमिटेड ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५९), **भाषाविज्ञान** (दोस्रो संशोधन), काठमाण्डौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

वस्ती, शरच्चन्द्र (२०६५), **हाम्रो भाषा** (पुनर्मुद्रण) काठमाडौं : एकता प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६६), **शोधविधि** (चौथो सं). ललितपुर : साझा प्रकाशन ।

**शोधपत्रहरू**

अयडी, शुशीलाकुमारी (२०७०), *एञ्जिला टाइम्स दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

कक्षपति सापित्री (२०३८ -२०४०), *विज्ञापनको नेपाली भाषा एक अध्ययन,* (अप्र. शोधपत्र), कीर्तिपुर : नेपाली केन्द्रय विभाग ।

घिमिर, भेषराज (२०५७), प्र*योजनपरक भेदका रूपमा समाचारपत्रका शीर्षकहरूको अध्ययन* , (अप्र. शोधपत्र) कीतृिपुर : नेपाली केन्द्रय विभाग ।

तिमिल्सेना, शिवप्रसाद (२०६६), *गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

तिमल्सिना, रञ्जिताकुमारी (२०६९), *हिमाल खवर पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन ।*

देवकोटा जगदिश, (२०७०), *नयाँ जनदिशा पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

धिताल, भोजराज (२०६८), *नेपाली दैनिक समाचारपत्रमा पारिभाषिक शब्दावलीको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

नेपाल, शक्तिराज (२०६६), *नेपाली समाचार पत्रको कार्टुन स्तम्भमा प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

प्रसाई, अञ्जना (२०६९), *मेची टाईम्स दैनिक सम्पादकीय प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, दीपक (२०६८), नवयुवा मासिक पत्रिकाको *सम्पादकीय प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पोखरेल, सुरेन्द्र (२०६१), *नेपाली राष्ट्रिय दैनिक अखवारका समाचारका भाषा तथा प्रस्तुतीकरणको अध्ययन,* (अप्र. शोधपत्र), प्रदर्शनीमार्ग : रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभाग ।

बास्तोला, हरिकला (२०६९), *नेपाली समाचार पत्रका खेलकुद खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भट्टराई, नरेन्द्र प्रसाद (२०५८), *प्युठान अर्ध साप्ताहिक सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

न्यौपाने, होमप्रसाद (२०६७), *ब्लास्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

शर्मा, ज्योत्सना (२०६७), *नागरिक दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* (अप्र. शोधपत्र), कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग ।

शर्मा, प्रतिभा (२०६७), *कान्तिपुर दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* (अप्र. शोधपत्र) कीर्तिपुरः नेपाली शिक्षा विभाग ।

## व्यक्तिवृत्त

नाम : योगेश काफ्ले

जन्म मिति : २०४२/१०/१२

जन्म स्थान : सक्रान्ती बजार ८, तेह्रथुम

पिता : हरिप्रसाद काफ्ले

माता : बसुन्धरा काफ्ले

लिङ्ग : पुरूष

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

भाषा : नेपाली, अंग्रेजी

इमेल kafleyogesh@gmail.com

सम्पर्क : ९८५११६०५३९

शिक्षा

| क्र.सं. | उत्तीर्ण तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १. | एस.एल.सी. | कृष्ण उच्च मा.वि. तेह्रथुम | २०५९ |
| २. | +2 | जनमैत्री बहुमुखी क्याम्पस कुलेश्वर काठमाडौं | २०६२ |
| ३. | वि.एड. | जनमैत्री बहुमुखी क्याम्पस कुलेश्वर काठमाडौं | २०६७ |
| ४. | एम.एड. | विश्वविद्यालय क्याम्पस कीर्तिपुर, काठमाडौं | २०७१ |